
फागुन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क २१ | २०७१, फागुन १–१५ | पूर्णाङ्क ५४३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

मानननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| विशेष इजलास | ४ |
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | १ |
| एकल इजलास | ६ |
| पूर्ण इजलासमा पेस हुने | २ |
| रीत/बेरीत आदेश | ७ |
| जम्मा | ५९ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, फागुन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| पूर्ण इजलास | | | १-२ |
| १. | उत्प्रेषण/ परमादेश | सूर्यबदना पण्डित वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत | |
| विशेष इजलास | | | २-७ |
| २. | उत्प्रेषण/ परमादेश | सागर के.सी. वि. शिक्षा मन्त्रालयसमेत | |
| ३. | उत्प्रेषण/ परमादेश | शमसेर नेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण/ परमादेश | अधिवक्ता अनन्त कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | उत्प्रेषण/ परमादेश | अधिवक्ता कमलप्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | |
| संयुक्त इजलास | | | ७-१५ |
| ६. | सवारी ज्यान | नेपाल सरकार वि. विजेन्द्र पोडेसमेत | |
| ७. | सम्बन्ध विच्छेद | लिलाबहादुर फुयाल वि. कालिका फुयाल | |
| ८. | निषेधाज्ञा/ परमादेश | डा. मोहनी लाल भुसाल वि. लुम्बिनी आदर्श डिग्री कलेज कावासोती, नवलपरासीसमेत | |
| ९. | गैंडा मारी खाग बिक्री | नेपाल सरकार वि. राज भन्ने भीमनारायण श्रेष्ठसमेत | |
| १०. | बन्दी प्रत्यक्षीकरण | तेन्जिङ गुरूङ वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनसमेत | |
| ११. | उत्प्रेषण | टैलेन्द्र आचार्य वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरसमेत | |
| १२. | अपुताली हक कायम नामसारी | उमादेवी कार्की वि. कुमारी कार्की | |
| इजलास नं. १ | | | १५-२२ |
| १३. | परमादेश | रामबहादुर स्याङ्तानसमेत वि. मालपोत कार्यालय, मकवानपुरसमेत | |
| १४. | निषेधाज्ञा/ परमादेश | युगल किसोर यादव वि. जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत | |
| १५. | उत्प्रेषण/ परमादेश | धनुषधारी यादवसमेत वि. कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत | |
| १६. | निषेधाज्ञा | रोहितकुमार चौधरी वि. कृपानन्द चौधरीसमेत | |

| | | |
|---|---|---|
| १७. | उत्प्रेषण/ परमादेश | डम्बरबहादुर देवानसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत |
| १८. | कर्तव्य ज्यान | डोमा भन्ने जङमु शेर्पा वि. नेपाल सरकार |
| १९. | निषेधाज्ञा/ परमादेश | जगरनाथ लाल कर्णसमेत वि. राजश्री सेभिङ एन्ड कोअपरेटिभ लिमिटेड, प्रधान कार्यालय मलङ्गवा, सर्लाहीसमेत |
| २०. | परमादेश | रामजानकीप्रसाद तेली वि. जिल्ला शिक्षा कार्यालय, मलङ्गवा, सर्लाहीसमेत |
| २१. | निषेधाज्ञा | रामवृक्ष यादवसमेत वि. सुरेश साह सुडी |
| २२. | निषेधाज्ञा | रामकुमार यादवसमेत वि. देव किसुन यादव |
| २३. | उत्प्रेषण/ परमादेश | सोमनाथ गिरी वि. नेपाल सरकार |
| **इजलास नं. २** | | **२२-२५** |
| २४. | उत्प्रेषण/ परमादेश | सहयोग महर्जनसमेत वि. कीर्तिपुर नगरपालिका कार्यालय, काठमाडौंसमेत |
| २५. | उत्प्रेषण | खुशीराम थारू वि. बुझावन थारूसमेत |
| २६. | भ्रष्टाचार | मोहनकुमार नेपाल वि. नेपाल सरकार |
| २७. | रकम उठाई हिनामिना गरी ठगी गरेको | नेपाल सरकार वि. ऋषिराम शर्मासमेत |
| २८. | उत्प्रेषण | सुनिल साह वि. जि.प्र.का., कलैया, बारासमेत |
| **इजलास नं. ३** | | **२५-२८** |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलबहादुर तामाङ |
| ३०. | उत्प्रेषण | हिरादेवी श्रेष्ठ वि. रामबाबु साहसमेत |
| ३१. | उत्प्रेषण | श्यामनन्दन सिंह राजपुत वि. सिरहा जिल्ला अदालत, सिरहासमेत |
| ३२. | प्रतिषेध | निरमाया रेग्मी भण्डारीसमेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत |
| **इजलास नं. ४** | | **२८-२९** |
| ३३. | परमादेश | डा.रूद्र सुवालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३४. | बन्दी प्रत्यक्षीकरण | मोते नेपाल वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत |
| **इजलास नं. ५** | | **२९-३४** |
| ३५. | बहुविवाह | नेपाल सरकार वि. राजु गुरूङ |
| ३६. | जालसाजी | भैरवकुमार पियासमेत वि. श्यामकुमार पिया |
| ३७. | मिलापत्र बदर गरी हक कायम गरिपाऊँ | भैरवकुमार पियासमेत वि. श्यामकुमार पिया |
| ३८. | अपुताली हक कायम | उत्तमकुमार पियासमेत वि. श्यामकुमार पिया |

| | | |
|---|---|---|
| ३९. | परमादेश | सन्तोषकुमार झा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत |
| **इजलास नं. ६** | | ३४ |
| ४०. | कुटपीट/ लुटपीट | रामलाल राजवंशीसमेत वि. मोहनलाल मालीसमेत |
| **इजलास नं. ७** | | ३४-३६ |
| ४१. | जबर्जस्ती करणी | नेपाल सरकार वि. यादवप्रसाद घिमिरे |
| **एकल इजलास** | | ३६-३९ |
| ४२. | प्रतिषेध | खड्गबहादुर बुढाथोकी (सुवास) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ४३. | उत्प्रेषण/ परमादेश | डा. रक्षा पाण्डे वि. डा. विवेक बास्कोटासमेत |
| ४४. | उत्प्रेषण | राजेन्द्र श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| ४५. | उत्प्रेषण/ परमादेश | विलट ठाकुर वि. शिवचरण ठाकुरको मु.स. गर्ने चानोदेवीसमेत |
| ४६. | उत्प्रेषण | चन्द्रशेखर धाडेवा वि. बिजनेश युनिभर्सल डेभलपमेन्ट बैङ्क लिमिटेडसमेत |
| ४७. | उत्प्रेषण/ परमादेश | रविन्द्रकेशरी पौडेलसमेत वि. आनन्द बज्राचार्यसमेत |
| **पूर्ण इजलासमा पेस हुने** | | ३९-४२ |
| ४८. | उत्प्रेषण/ परमादेश | कपिलमुनि घिमिरेको मु.स.गर्ने हरिकुमार घिमिरे वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोकसमेत |
| **रीत/बेरीत आदेश** | | ४२-४४ |
| ४९. | हाडनातामा जबर्जस्ती करणी | पदमबहादुर तामाङ वि. नेपाल सरकार |
| ५०. | ठगी | शर्मा शाह कलवार वि. नेपाल सरकार |
| ५१. | खोटा चलन र संगठित अपराध | सोहेल खान वि. नेपाल सरकार |
| ५२. | बैङ्किङ कसुर | अमृतकुमार टुवडेवाल वि. नेपाल सरकार |
| ५३. | कर्तव्य ज्यान | रविन्द्र राय यादव वि. नेपाल सरकार |
| ५४. | ठगी | जुनु श्रेष्ठ खड्का वि. नेपाल सरकार |
| ५५. | कर्तव्य ज्यान | जीवन न्यौपाने वि. नेपाल सरकार |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजिर संग्रह, २०६३
- विषयगत नजिर संग्रह, २०६६
- विषयगत नजिर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकारवादी
  भाग ७ : फौजदारी कानूनः दुनियावादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## पूर्ण इजलास

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WF-००३२, उत्प्रेषण/परमादेश, *सूर्य बदना पण्डित वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत*

कुनै पनि निजामती कर्मचारीको तलब वृद्धि रोक्काको सजाय भएकोमा रोक्का भएको अवधिभर त्यस्तो कर्मचारी कार्यरत् रहेको पदभन्दा माथिल्लो पदमा बढुवा हुनको लागि सम्भाव्य उम्मेद्वार हुन सक्तैन । विपक्षी कृष्णबहादुर कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयले अनुचित कार्य गरेको आरोपमा दिइने भनेको दुई तलब वृद्धि रोक्का सजाय यस अदालतको मिति २०६७।३।८ को आदेशले बदर भईसकेको देखिन्छ । सोही आदेशबाट पुन: स्पष्टीकरण माग गरी अख्तियारवालालाई उचित कारवाही गर्नु भनी परमादेशको आदेश जारी भएको सम्बन्धमा हेर्दा महान्यायाधिवक्ताको कार्यलयमार्फत् प्राप्त फाइलमा संलग्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६८।४।२ को विपक्षी कृष्णबहादुर कार्कीलाई सम्बोधन गरी लेखेको पत्रमा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५५(क) बमोजिम अब आइन्दा यस्तो कार्य नगर्नु भनी चेतावनी दिएकोसम्म देखिन्छ । चेतावनी दिएको कार्य उक्त ऐनको दफा २२ को सजायभित्र पर्ने देखिँदैन । तसर्थ, कृष्णबहादुर कार्कीलाई यथावत् बढुवा गरेको लोक सेवा आयोगको निर्णयमा कुनै कानूनको त्रुटि देखिन नआउने ।

निवेदिका मिति २०७०।४।१ देखि लागू हुने गरी मिति २०७०।४।१४ को निर्णयले नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहअन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा निजामती सेवा ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा भई सो विशेष पद विपक्षी सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।११।२७, च.नं. ५९८९ को पत्रले उपसचिव पदमा समायोजन भई निवेदिका सोही पद, सेवा र समूहमा पदस्थापन भई कार्यरत्समेत रहेको देखिएको र जेष्ठता प्रभावित हुने भएकाले जेष्ठता कायम गरिपाउँ भन्ने मागसमेत नभएबाट निवेदिकाको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

निवेदिकाले दिनेश भट्टराईको स्थान खाली राखी बढुवा सूचना प्रकाशन गरेको, आफूलाई बढुवा सिफारिस नगरेको भन्ने कुरा यस रिट निवेदनको तथ्यमा उल्लेख भएको भए तापनि दिनेश भट्टराईको क्रमसंङ्ख्या ७ खाली राखी बढुवा सिफारिस गरेको सम्बन्धमा निवेदक कमलराज ढकाल विरूद्ध लोक सेवा आयोगसमेत भएको ०६७-WO-००१७ को रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट मिति २०६७।९।२२ मा निवेदक कमलराज ढकाललगायतका सम्भाव्य उम्मेद्वारहरूमध्ये निजामती सेवा ऐन, २०४९ को दफा २४(२) बमोजिम अङ्क गणना गरी बढुवा प्रक्रिया सम्पन्न गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी भईसकेको देखिएको अवस्थामा दिनेश भट्टराईको क्रमसङ्ख्या ७ रिक्त राखी बढुवा

सिफारिस नभएको भनी निवेदिकाले लिएको जिकिर उक्त रिट निवेदनबाट सम्बोधन हुने भनी मिति २०६८।१।४ मा भएको आदेशमा यस अदालतका संयुक्त इजलासका माननीय न्यायाधीशको राय मिलेकै देखिँदा यस इजलासबाट पुन: विचार गरी निर्णय गर्नुपर्ने देखिन नआउँदा विपक्षी कृष्णबहादुर कार्कीलाई सम्भाव्य उम्मेद्वार कायम गरी उपसचिव पदमा बढुवा गर्ने गरेको लोक सेवा आयोगको मिति २०६७।१।१३ को निर्णयमा निजामती सेवा ऐन, २०४९ को दफा २२ को त्रुटि नदेखिँदा रिट निवेदन खारेज हुने भनी माननीय न्यायाधीश श्री तर्कराज भट्टबाट व्यक्त राय मनासिब हुँदा सोही राय सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम्।

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WS-०००४, उत्प्रेषण/परमादेश, सागर के.सी. वि. शिक्षा मन्त्रालयसमेत

शिक्षा नियमावली, २०५९ को नियम ५८ को व्यवस्था हेर्दा दूर शिक्षा समितिले (क) देखि (झ) सम्म तोकिएका विभिन्न कार्यहरू सम्पादन गर्नुपर्ने हुन्छ । तोकिएको कार्य सम्पादन गर्नु सो समितिको कानूनी कर्तव्य हो । जसअन्तर्गत दूर शिक्षा नीति निर्माण गर्ने, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, स्रोत र साधनको आवश्यक व्यवस्था गर्ने र दूर शिक्षासम्बन्धी अन्य काम गर्ने जस्ता काम कर्तव्य र अधिकार महत्त्वपूर्ण छन् । दूर शिक्षा दिने विद्यालयको स्रोत र साधन कम भएको अवस्थामा स्रोत र साधनले धान्न नसक्ने विद्यार्थी भर्ना गर्नु भन्न मिल्दैन । त्यसरी भर्ना गर्नु भनिएमा त्यो कानूनी व्यवस्थाको विपरीत हुन जान्छ । एकपटक कायम रहेको व्यवस्था सधै त्यही कायम रहिरहनुपर्दछ भन्ने दावी न्यायोचित, तर्कसङ्गत् औचित्यपूर्ण हुन सक्तैन । कानूनले तोकेको सर्त वा बन्देजबाट सबैलाई समानरूपमा लागू हुने गरी बनाइएको कानूनी व्यवस्थाले व्यक्ति विशेषलाई प्रभावित तुल्याएको भन्ने आधारमा मात्र असमान व्यवहार भएको वा संविधानप्रदत्त मौलिक हकमा बन्देज वा कानूनी हकमा आघात पुगेको भन्ने अर्थ गर्न मिल्दैन संवैधानिकताको प्रश्नमा केही व्यक्तिको हित र चासोलाई विचार गरी निर्णय गर्न न्यायिक पुनरावलोकनको सिद्धान्तले नमिल्ने हुँदा सो निर्देशिकाको दफा १५(च१) र २१(ड४) को कानूनी व्यवस्था संविधानप्रदत्त मौलिक हकसँग बाझिएको नदेखिने।

निर्देशिकाको दफा १५(च१) व्यवस्थाले बेजिल्लाको विद्यार्थीलाई भर्ना हुन र दफा २१(ड४) को व्यवस्थाले विद्यार्थी कोटा निर्धारण गरेको कारण मौलिक हकमा आघात पुगेको हुँदा सो दफा बदर माग गरेकामा माथि प्रश्न नं. १ मा गरिएको विवेचनाबाट ती दफाहरू संविधानसम्मत् देखिन्छ । यसरी २०० जना मात्र भर्ना गर्न पाउने दफा २१(ड४) र बेजिल्लाकाले खुला विद्यालय भएको जिल्लामा आई कुनै संस्थामा कार्यरत् रही सो संस्थाले

कार्यरत् रहेको प्रमाणित गरेको अवस्थामा मात्र अध्ययन गर्न पाउने भन्ने दफा १५(च१) को व्यवस्था संविधान तथा शिक्षा ऐन नियमावलीसम्मत भएको देखिएको र सोही दफा २१(ड४) को व्यवस्था उल्लेख गरी भर्ना गर्न नसकिने भनी निवेदकलाई दिएको मिति २०७१।३।१०, च.नं. २०५ को पत्र कानूनसम्मत भएको देखिँदा उत्प्रेषणको आदेशले बदर गर्न नमिल्ने।

विपक्षी महेन्द्र उच्च माध्यमिक विद्यालय, तुलसीपुर, दाङले यी निवेदकलाई निर्देशिकाको दफा २१(ड४) को व्यवस्थाअनुसार २०० जना विद्यार्थी भर्ना भइसकेकाले भर्ना गर्न नसकिने व्यहोरा उल्लेख गरी दिएको मिति २०७१।३।३०, च.नं. २०५ को पत्र पनि उक्त दफा २१(ड४) बमोजिम दिएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल भदौ २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-WS-०००४, उत्प्रेषण/परमादेश, *शमसेर नेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वैदेशिक रोजगारमा जाने कामदारको गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको हो होइन भन्ने सम्बन्धमा निर्णय गर्न तोकिएको विशेषज्ञ समिति रहने गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२(३) मा व्यवस्था भएबमोजिम स्वास्थ्य संस्थाबाट कामदारको गलत स्वास्थ्य परीक्षण गरी प्रतिवेदन दिएको हो होइन भन्ने सम्बन्धमा निर्णय गर्न तथा स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थाहरूको सूचीकरण गर्ने वा सूचीकृत स्वास्थ्य संस्थाको सूचीकरण खारेज गर्न मन्त्रालयलाई सिफारिस गर्नसक्ने गरी विशेषज्ञ समितिलाई अधिकार प्रत्यायोजन गरेको वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६क को व्यवस्थाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२(३) को कानूनी व्यवस्थामा अङ्कुश लगाएको नदेखिँदा कानून बाझिएको भनी गरिएका त्यस्ता अपरिपक्व दावीका आधारमा अदालतले आफ्नो खास दृष्टिकोण बनाई अति सूक्ष्मसंवेदी भई हस्तक्षेप गरी कानून बदर गर्नु संविधानसम्मत हुँदैन। त्यसकारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) को अवस्था प्रस्तुत विवादमा विद्यमान नरहेकाले मागबमोजिम वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६क को देहाय (ख) को व्यवस्था बदर गरिरहनु नपर्ने।

मिति २०७०।३।२४ मा प्रकाशित मापदण्डसम्बन्धी सूचना, स्वास्थ्य संस्था सूचीकृत हुने भनी मिति २०६९।१२।३१ गोरखापत्रमा प्रकाशित सूचना तथा मिति २०७०।३।१२ मा स्वीकृत वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्नेसम्बन्धी मापदण्ड, २०७० बदर गरिपाउँ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) समेतको हकमा माग दावी लिएको देखिएकाले सुनुवाइको लागि नियमबमोजिम सम्बन्धित संयुक्त इजलासमा पेस गर्नुपर्ने देखियो। तसर्थ, प्रस्तुत रिट निवेदनको विशेष इजलासतर्फको लगत कट्टा गरी निवेदकले माग दावी गरेको नेपालको अन्तरिम संविधान,

२०६३ को धारा १०७(२) को विषयमा सुनुवाइको लागि सम्बन्धित संयुक्त इजलासमा पेस हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WS-०००५, उत्प्रेषण/परमादेश, *अधिवक्ता अनन्त कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मोही र जग्गाधनीबीचको विवाद टुङ्गो लगाउन समयसमयमा म्याद थप गर्ने वा सूचना प्रकाशित गर्ने कार्य पनि भई आएको देखिएको र जग्गा बाँडफाँट गर्ने म्याद व्यतीत हुँदैमा मोही र जग्गाधनीको हैसियत तथा हकमा कुनै प्रतिकूल असर पार्ने अवस्था नहुँदा सोही कारणबाट हक गुम्न गएको भन्ने अर्थ गर्न मिल्ने देखिँदैन। मोही हकको समाप्ति हुने वा मोहीको हैसियतले जग्गा जोत्न नपाउने भन्ने कुनै किसिमको बन्देज लगाएको देखिन आउँदैन। यस्तो स्थितिमा सम्पत्तिको हकलाई कुण्ठित तुल्याएको भन्ने निवेदकको दावी संविधानसम्मत छ भन्न नमिल्ने।

समयको परिवर्तन र सामाजिक आवश्यकतानुरूप सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न कस्तो कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको अधिकारक्षेत्रभित्र पर्ने विषय हुँदा निवेदन दिने म्याद कानूनले तोक्छ भने त्यो सबै पक्षले स्वीकार गर्नुपर्दछ। मोही र जग्गाधनीबीचको विवाद टुङ्गो लगाउन समयसमयमा म्याद थप गर्ने वा सूचना प्रकाशित गर्ने कार्य पनि भइआएको र प्रचलित कानूनको म्याद तोक्ने र कार्यान्वयन गर्ने हक राज्यसँग अन्तरनिहित विषय भई सोहीबमोजिम विधायिकाले नियमन गर्न बनाएको कानूनलाई त्यसमा अन्यथा भन्न मिल्ने अवस्था छैन। यसकारण समयसापेक्षित हुने किसिमबाट नयाँ कानून निर्माण गर्न, विद्यमान कानूनलाई संशोधन, थपघट तथा खारेज गर्ने अधिकार विधायिकामा निहित रहने हुँदा विधायिकी अधिकारको सम्मान गर्नु सबै पक्षको कर्तव्य हुन आउने।

हदम्याद वा समयसीमासम्बन्धी व्यवस्था व्यक्तिका हक अधिकारमा अङ्कुश लगाउन वा समाप्त गर्नका लागि नभई सम्बन्धित पक्षले विलम्ब नगरी निश्चित गरिएको समयसीमाभित्र उपचार खोज्न भनी उपचार माग गर्न समय निर्धारण गरिएको हो। हदम्यादको प्रश्न व्यक्तिको अधिकारसँग सम्बन्धित हुने हुँदा व्यक्तिले निश्चित समयसीमाभित्र उपचार खोजी आफ्नो हक सुरक्षित गरून् भन्ने राज्यको मूल स्वार्थ रहने र यही राज्यको मूल स्वार्थलाई नियमन गर्न विधायिकाले हदम्यादसम्बन्धी कानून बनाउने हुँदा हदम्याद कानून बनाउन नहुने भन्ने निवेदकको दावी कानून एवम् संविधानसम्मत् रहेको देखिन नआउने।

जग्गा बाँडफाँट गर्न दिइने निवेदन र सोको टुङ्गो लगाउनुपर्ने अवधिका सम्बन्धमा राज्यले लिएको नीतिगत व्यवस्थाबमोजिम सोलाई नियमन गर्न विधायिकाद्वारा समयसीमा निर्धारण गरी बनाएको कानूनबाट मोही र जग्गाधनीको हक र हैसियतमा तात्त्विक कुनै फरक पारेको अवस्था नहुँदा कानूनले लिएको नीतिगत औचित्यभित्र

प्रवेश गरी कानून बदर गर्न न्यायोचित नहुने र ऐनको यही दफा २६घ१ बदरको माग गरी परेको ०६७-WS-००५६ को रिट निवेदनमा विशद व्याख्या भई जारी भएको निर्देशनात्मक आदेशबमोजिम राज्यले नीतिगत निर्णय गरी कारवाही अगाडि बढेको स्थिति देखिएकाले सोही विषयमा पुन: आदेश गर्नुको कुनै औचित्य नहुने भएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WS-००३५, उत्प्रेषण/परमादेश, *अधिवक्ता कमलप्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

फौजदारी न्यायसम्बन्धी हक प्राप्तिमा विदेशी वा नेपालमा स्थायी बसोबास नभएको भन्ने आधारमा स्वदेशी र विदेशीबीच कुनै भेदभाव गरिएको अवस्था छैन । त्यसैगरी कुनै अभियोगमा अभियोग प्रमाणित भएमा हुने सजायको हद र सजाय निर्धारणमा दुई भिन्न हैसियतका व्यक्तिहरूबीच फरक व्यवहार गरिने गरी कानून निर्माण भएको अवस्थासमेत छैन । यसरी कानूनले दिने अन्य उपचारमा कुनै बन्देज नगरेको अवस्थामा स्थायी बसोबास नभएका व्यक्तिहरूका हकमा कानून र फैसला कार्यान्वयको प्रभावकारिताको लागि गरिएको उक्त व्यवस्थालाई विभेदकारी भन्न मिल्ने अवस्था छैन । कुनै व्यक्ति अ.बं.११८(४) नं.मा लेखिएको दायराभित्र पर्ने अवस्थाको छ भने उक्त कानूनले दिएको सुविधा पनि प्राप्त गर्न सक्ने अवस्था छँदैछ । स्वच्छ सुनुवाइमा कुनै पक्षपाति प्रावधान नगरी नागरिक र व्यक्तिबीच विभेद नगरिएको तर थुनामा राख्ने वैध आधारहरूलाई स्वीकार गरिएको भए पनि आरोपित कसुरदारको नेपालमा स्थायी बसोबास नभएको कारण अदालतले खोजेको बखत त्यस्तो आरोपित व्यक्ति अदालतमा उपस्थित हुने कुराको निश्चितता नभएको कारणबाट नै औचित्यताको आधारमा दुई भिन्न हैसियतका व्यक्तिहरूबीच गरिने न्यायिक प्रक्रियाको कार्यविधिमा विधायिकाले गरेको व्यवस्थालाई संवैधानिक कसीको दायरामा ल्याई अवैध कानून भनी बदर गर्दै जानु पनि न्यायिक दृष्टिले उचित मान्न नसकिने ।

फौजदारी अभियोग लागेको कुनै पनि व्यक्तिलाई अभियुक्तको रूपमा केही निश्चित हकहरू प्राप्त हुने र ती हकहरू राज्यले समानरूपबाट प्रदान गरेको हुनुपर्ने भन्ने अन्तर्राष्ट्रिय कानूनको मान्यता रही आएको र यही मूल्य र मान्यतालाई आत्मसात् गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ मा न्यायसम्बन्धी हकको व्यवस्था गरी बिना भेदभाव अभियोग लागेका सबै व्यक्तिले उक्त हकको उपभोग गर्न पाउने गरी गरिएको व्यवस्था आफैँमा बोधगम्य छ । बसोबासको आधारले उक्त हक प्राप्त गर्नमा कुनै रोक लगाइएको छैन । तर उक्त धाराले प्रदान गरेको हक प्राप्तिमा अ.बं.११८ को देहाय ३ ले अङ्कुश लगाएको भन्ने निवेदन रहेको छ । कुनै फौजदारी अभियोग लागेको व्यक्ति मुद्दा पुर्पक्षको सिलसिलामा अदालतले खोजेको

बखत निज उपस्थित हुन सक्छ वा सक्तैन भन्ने कुराको निक्यौंल गर्ने एवम् मुद्दा पुर्पक्ष गर्दा प्रयोग हुने कार्यविधि अवलम्बन गर्ने कुरामा गहनतम् विशेष जिम्मेवारीकासाथ स्वविवेकीय अधिकार विधायिकाले न्यायिक निकायलाई प्रदान गरेको छ। जमानत वा धरौटीमा रिहाई गर्ने भन्ने कुरा अभियोग लागेको व्यक्तिको विशेष अधिकारको रूपमा नभई न्यायिक निकायले खोजेका बखत उपस्थित हुने सर्तमा त्यस्ता व्यक्तिलाई प्रदान गर्न सकिने सुविधा हुँदा सुविधालाई अधिकारको पर्यायवाची अर्थमा लिन नमिल्ने।

अभियुक्त अदालतमा उपस्थित हुने कुराको निश्चितता भएमा निजबाट जमानत लिई छाड्न सकिने हो तर जमानतमा छुटी गएका व्यक्ति राज्यको क्षेत्राधिकार बाहिर जाने र फैसलाबमोजिम सजाय ठहर भएका व्यक्तिलाई पक्री कार्यान्वयन गर्न नेपालको कुनै पनि राष्ट्रसँग Judicial Co-operation वा Mutual Legal Assistance Treaty नभएको कारणबाट त्यस्ता सजाय पाएका व्यक्तिलाई आफ्नो क्षेत्राधिकारभित्र ल्याई फैसला कार्यान्वयन गर्न सकिने अवस्था छैन। एक अर्काको मुलुकका नागरिकहरू विरूद्ध कुनै मुलुकमा चलेका मुद्दामा मुद्दाको कारवाहीहरू पूरा गर्न, अन्य मुलुकको अदालतको आदेश वा फैसला कार्यान्वयन गर्न गराउन र एका अदालतको फैसलाबमोजिम लागेको दण्ड सजाय सन्धि सम्झौताको अधीनमा रही असुल गर्ने गराउनेलगायतको विषयमा मित्र राष्ट्रहरूसँग सन्धि सम्झौता गर्ने कुरालाई प्रोत्साहित गर्न जरूरी देखिन्छ । त्यस सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण हुनुपर्ने देखिने।

नेपालमा स्थायी बसोबास नभएका व्यक्ति केन्द्रित जमानत लिने सम्बन्धी पर्याप्त कानून बनेको भए निवेदनमा उल्लिखित परिस्थतिको लागि धरौट स्वीकार गर्ने वा नगर्ने अदालतको विवेकको विषय हुन्थ्यो। अभियोग लागेको व्यक्ति राज्यको क्षेत्राधिकारबाट भागी जाने वा फैसला आदेश कार्यान्वयन गर्न असुविधा हुने सम्भावना भएबाट फैसला कार्यान्वयनको प्रभावकारिताको लागि राज्यले लिएको नीतिगत व्यवस्थाबमोजिम व्यवस्था गरेको विधायिकी कानूनको औचित्यमा प्रवेश गर्न मिल्ने नदेखिने।

तर दुई भिन्न हैसियतका व्यक्तिहरूबीच धरौटी तथा थुनाका विकल्पमा फरक नभई एकरूपता हुनुपर्ने भन्ने मागका विषयमा कानून परिमार्जनको सिलसिलामा विधायिकाले कानून बनाई नियमन गर्न नसक्ने भन्ने हुँदैन । यसकारण निवेदकले कानून बदर माग गरेको अ.बं. ११८ को देहाय ३ को व्यवस्था तत्काल बदर गरिरहनु नपर्ने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ बमोजिम प्रत्याभूत गरिएका न्यायसम्बन्धी हक प्राप्त गर्न मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११८ को देहाय ३ को व्यवस्थाले कुनै रोक लगाएको अवस्था नभएको र उक्त व्यवस्था कानून र फैसला कार्यान्वयनको लागि कानूनले लिएको नीतिको औचित्यमा रहेको हुँदा यस्तो कानूनले लिएको नीतिको औचित्यमा प्रवेश गरी कानून असंवैधानिक भन्न नमिल्ने हुँदा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११८ को देहाय ३ को प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ र १०० सँग बाझिएको नदेखिँदा

मागबमोजिमको आदेश जारी हुने अवस्था भएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६६-CR-००१३, सवारी ज्यान, *नेपाल सरकार वि. विजेन्द्र पोडेसमेत*

विधायिकाले सवारी तथा यातायात सञ्चालन गर्ने सम्बन्धमा विशेष कानून निर्माण गरी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि निश्चित योग्यता र क्षमताको परीक्षण अनिवार्यरूपमा हुनुपर्नेलगायतको कानूनी व्यवस्था उक्त ऐनमा गरेको पाइन्छ । सो प्रयोजनका लागि सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि सम्बन्धित निकायबाट लिइने लिखित एवम् प्रयोगात्मक परीक्षाका विभिन्न प्रक्रियाहरू पूरा गरेपश्चात त्यस्ता परीक्षामा उत्तीर्ण भएका व्यक्तिहरूलाई मात्र सम्बन्धित आधिकारिक निकायबाट सवारी चालक अनुमतिपत्र प्रदान गरिने व्यवस्था पनि सवारी तथा यातायातसम्बन्धी कानूनमा उल्लेख भएको पाइन्छ । सवारी साधन चलाउने व्यक्तिमा अनिवार्यरूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउ धनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको हो भन्ने कुरामा विवाद हुन नसक्ने ।

कुनै पनि सवारी चलाउने व्यक्तिले सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्यरूपमा पालना गर्नुपर्ने व्यवस्था भएकाले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सवारी साधन चलाउन हुँदैन भन्ने कुरामा पनि कुनै विवाद हुन सक्तैन । सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिमा सवारी साधन चलाउने योग्यता, क्षमता र ज्ञान नभएको भन्ने मानिने भएकाले त्यस्ता व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउँदा कसैको ज्यान मर्नसक्ने ठूलो सम्भावना रहन्छ भन्ने कुरालाई इन्कार गर्न नसकिने । सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैंमा लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वत: लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नुपर्ने ।

कुनै पनि सवारी साधन चलाउन सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को माथि उल्लिखित व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्नगएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा लापरवाहिपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२)

आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने नै देखिन आउने।

प्रतिवादी विजेन्द्र पोडेले मोटरसाइकल चलाउने सवारी चालक अनुमतिपत्रप्राप्त नगरी सार्वजनिक सडकमा मोटरसाइकल चलाउँदा बेखालक्ष्मी महर्जनलाई ठक्कर दिई घाइते भई उपचारको क्रममा निज बेखालक्ष्मी महर्जनको मृत्यु भएको देखिएकाले निज प्रतिवादीको उक्त कार्य लापर्वाहीपूर्वक गरिएको देखिएकाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय हुने देखियो। उपर्युक्तानुसार प्रतिवादी विजेन्द्र पोडेलाई दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा दफा १६१(३) बमोजिम सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१०।१० को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी विजेन्द्र पोडेलाई दुई वर्ष कैद सजाय हुने ठहर्छ। निजले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको कारण मानिसको मृत्यु भएकाले उक्त ऐनको दफा १६१(४) बमोजिम थप दुई हजार रूपैयाँ जरीवानासमेत हुने।

वादी नेपाल सरकारले अभियोग दावीमा सवारी धनी निरोज पोडेलाई समेत प्रतिवादी बनाइएकोमा सुरू अदालतले वादी पक्षले अर्को वतन खुलाउन नसकेको भनी निजको हकमा मुद्दा तामेलीमा राखिदिएको देखिन्छ। नेपाल सरकारतर्फबाट यस अदालतमा परेको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा प्रतिवादी निरोज पोडेसमेतलाई प्रत्यर्थी कायम गरेकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भई प्रत्यर्थी झिकाउने आदेशानुसार उपस्थित हुन जारी भएको म्यादमा मुद्दा तामेलीमा रहेका प्रतिवादी निरोज पोडेसमेत यस अदालतमा हाजिर भई तारिखमा रहेको देखिए पनि निरोज पोडेको हकमा सुरू र पुनरावेदन तहबाट तामेलीमा रहेको कारण निर्णय हुन बाँकी रहेको अवस्थामा प्रस्तुत पुनरावेदनको रोहबाट निजको हकमा कानूनत: हाल बोल्न मिल्ने नदेखिने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६५-CR-०६९१, सम्बन्ध विच्छेद, *लिलाबहादुर फुयाल वि. कालिका फुयाल*

वादी कालिका फुयालले लक्ष्मण विश्वकर्मासँग दोस्रो विवाह गरेको पुष्टि हुने तथ्ययुक्त सबुद प्रमाण प्रतिवादीले पुऱ्याउन सकेको पाइँदैन। यी पुनरावेदकले प्रत्यर्थीउपर मिति २०६२।९।३ मा धनमाल मुद्दा दायर गरेको देखिन्छ। सो धनमाल मुद्दामा यी प्रत्यर्थी वादीले लक्ष्मण विश्वकर्मासँग दोस्रो विवाह गरी गरेको भनी उल्लेख गरेको भए पनि वादी कालिका फुयालले दायर गरेको प्रस्तुत अंश मुद्दाको म्याद बुझेपश्चात मात्र यी पुनरावेदकले उक्त धनमाल मुद्दा दायर गरेको देखिँदा यी पुनरावेदकले धनमाल मुद्दा दायर गरेकै कारणबाट यी प्रत्यर्थी वादी कालिका फुयालले दोस्रो विवाह गरेको भन्ने आधार हुन सक्तैन। यी पुनरावेदक र प्रत्यर्थीबाट ३ जना छोराछोरीको जन्म भएको भन्ने कुरामा पनि विवाद छैन। तर वादी प्रतिवादीहरूको फिरादपत्र र प्रतिउत्तर व्यहोराबाट वादी प्रतिवादीहरू लोग्ने स्वास्नी भई बस्नसक्ने अवस्था नदेखिएको हुँदा लोग्ने

स्वास्नीबीच सम्बन्ध विच्छेद हुन मनासिब नै देखियो । यस अवस्थामा मुलुकी ऐन, लोग्नेस्वास्नीको महलको ४क नं. बमोजिम लोग्नेस्वास्नीबीच सम्बन्ध विच्छेद हुने भएमा अंश दिएर मात्र सम्बन्ध विच्छेद गर्नुपर्ने कानूनी व्यवस्थाअनुसार वादीले प्रतिवादीबाट अंश लिई सम्बन्ध विच्छेद गर्न पाउने नै हुँदा वादी दावीबमोजिम अंश दिलाई सम्बन्ध विच्छेद हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिबै देखिँदा सुरू दोलखा जिल्ला अदालतको फैसला उल्टी गरी तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई सो दुई भाग लगाई दुई भागमध्ये एक भागलाई पुन: पाँच भाग लगाई सोको एक भाग अंश वादीले छुट्ट्याई लिन पाउने र वादी प्रतिवादीहरूबीचको लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।९।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६५-CI-०८४४, *धनमाल, लिलाबहादुर फुयाल विरूद्ध कालिका फुयाल भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।*

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६७-*CI*-०६४५, निषेधाज्ञा/परमादेश, *डा. मोहनी लाल भुसाल वि. लुम्बिनी आदर्श डिग्री कलेज कावासोती, नवलपरासीसमेत*

पुनरावेदक र उक्त कलेजबीच भएको मिति २०५६।११।१५ को करारको सर्तको लिखत हेर्दा विश्वविद्यालय तथा कलेजको नियमानुसार आफू जिम्माको कार्य सञ्चालन गर्नु गराउनुपर्ने, पूर्वाञ्चल विश्वविद्यालयको नियमानुसार सहप्राध्यापकले पाउने मासिक तलब, दशैं खर्च र वार्षिक ग्रेड पुनरावेदकलाई दिइने तथा विश्वविद्यालय नियमानुसार बिरामी बिदा, भईपरी बिदा र पर्व बिदा पाउने र बिनाकारण निलम्बन वा सेवाबाट नहटाइने एवम् निलम्बन वा सेवाबाट हटाउनुपरेमा सोको कारण उल्लेख गरी स्पष्टीकरण माग गरिनेलगायतका विभिन्न सर्तहरू उल्लेख भएको पाइयो । यी पुनरावेदक र लुम्बनी आदर्श कलेजबीच मिति २०५६।११।१५ को करारमा नै पुनरावेदकको सेवा अवधि १० वर्षको भएको भन्ने कुरा उल्लेख भएको र सो करारको अवधि व्यतीत भएपश्चात लुम्बिनी आदर्श बहुमुखी क्याम्पसको मिति २०६७।२।२५ को निर्णयबमोजिम मिति २०६६।११।१६ गतेदेखि नै लागू हुने गरी पुनः ५ वर्षका लागि पूर्वसर्तबमोजिम प्राध्यापक पदमा बढुवा नियुक्तिसहित म्याद थप गरिएको भन्ने मिसिल संलग्न च.नं. ९०/०६७-०६८ मिति २०६७।२।२६ को पत्रबाट देखिएकाले पूर्वसर्त करारमा उल्लेख भएबमोजिम १० वर्ष सेवा अवधि भुक्तान भएपछि सो पदबाट बढुवा गरी प्राध्यापक पदमा पुनः मिति२०६७।२।२५ को निर्णयले बढुवा नियुक्ति गरिएको भन्ने देखिन आएबाट निजलाई सेवाबाट हटाउने आशङ्काको अवस्था विद्यमान नरहेकाले निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नरहने ।

पुनरावेदक र लुम्बिनी आदर्श कलेजबीच मिति २०५६।११।१५ मा भएको करारको विभिन्न सर्तहरूमा पुनरावेदकले पूर्वाञ्चल विश्वविद्यालयको

नियमानुसार तलब, भत्ता, बिदा र अन्य सुविधा पाउने भन्ने कुरा उल्लेख भएको र कलेजको विधानमा पनि उक्त कलेजका शिक्षक तथा कर्मचारीहरूको तलब भत्ता र अन्य सुविधा सम्बन्धित विश्वविद्यालयको प्रचलित नियमानुसार हुने भन्ने उल्लेख भएको देखिएकाले यी पुनरावेदकको हकमा पूर्वाञ्चल विश्वविद्यालयको नियमावली आकर्षित नहुने भन्न मिल्ने नदेखिने।

पुनरावेदकलाई करारको सर्त नं. ८ मा बिनाकारण निलम्बन वा सेवाबाट हटाइने छैन, निलम्बन वा सेवाबाट हटाउनुपरेमा सोको कारण उल्लेख गरी स्पष्टीकरण माग गरिनेछ भन्ने उल्लेख भएकोमा करारको सर्तको पालन नगरी विपक्षी कलेजबाट पुनरावेदकलाई निलम्बन गरेको न्यायसङ्गत नदेखिएको भनी पुनरावेदन अदालतबाट भएको आदेशउपर विपक्षीतर्फबाट यस अदालतमा पुनरावेदन नपरेकाले सोतर्फ पनि विचार गरिरहनु परेन। जहाँसम्म आफूलाई गैरकानूनी तरिकाले निलम्बन गरिएको अवधिको तलब भत्ता पूर्वाञ्चल विश्वविद्यालयको नियमानुसार पाउनुपर्ने भन्ने निवेदकको पुनरावेदन जिकिर छ सो सम्बन्धमा यी पुनरावेदकले नवलपरासी जिल्ला अदालतमा हरहिसाब गराई पाउँ भन्ने मुद्दा दिई विचाराधीन रहेको भन्ने मिसिलबाट देखिएकाले सोही मुद्दाबाट नै निवेदकले उठाएको विवादको न्यायिक निरूपण हुने हुँदा परमादेशको निवेदनबाट सो सम्बन्धमा विचार गर्न मिल्ने भएन। तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट निवेदकको मागबमोजिम निषेधाज्ञा र परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।२।१९ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख २१ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ।

- ०६७-CI-०६४६, निषेधाज्ञा/परमादेश, *डा. मोहनी लाल भुसाल वि. विद्यालय व्यवस्थापन समिति लुम्बिनी आदर्श उच्च मा.वि., कावासोती, नवलपरासी*
- ०६७-CI-०६४७, परमादेश, *डा. मोहनी लाल भुसाल वि. लुम्बिनी आदर्श डिग्री कलेज, कावासोती, नवलपरासीसमेत*

४

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३०६, ०६८-CR-१३३४, ०६८-CR-१३७७, ०६८-CR-१३७८, ०६८-CR-१४१५, ०६९-CR-००३६, गैंडा मारी खाग बिक्री, *नेपाल सरकार वि. राजु भन्ने भीमनारायण श्रेष्ठसमेत, हरिबहादुर विश्वकर्मा वि.नेपाल सरकार, कर्म गुरूङ भन्ने राजेश घले वि. नेपाल सरकार, दिनेशकुमार बस्नेत वि. नेपाल सरकार, टासी गुरूङ वि. नेपाल सरकार, माधवबहादुर बुढाथोकी वि. नेपाल सरकार*

हाम्रो कानून प्रणालीको सन्दर्भमा पनि मुलुकी ऐन, अ.बं. ११५ नं. १३३ नं. एवम् १७१ नं. मा भएका कार्यविधिगत व्यवस्थाहरूमा प्रमाण सङ्कलन गर्ने कार्यमा अदालतको भूमिका रहेको जस्तो देखिए पनि सो कार्य भनेको अनुसन्धान तहकिकातको कार्य नभई मुद्दामा पेस भएका सबुद प्रमाणको मूल्याङ्कन गर्ने सन्दर्भमा प्रमाण बुझ्ने

प्रयोजनको लागिसम्म आकर्षित हुने व्यवस्था भएको देखिन आउँदा सो व्यवस्थाले मुद्दा दायर हुनुअघिको अनुसन्धान र तहकिकातको कार्यविधिलाई नजनाउने ।

प्रतिवादी हरिबहादुर विश्वकर्माले अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा समेत आफूले अन्य प्रतिवादीसमेत भई गैंडा मारी खाग बिक्री गरेको भनी साबित रही निजको उक्त साबिती बयान मिति २०६१।१२।१४ र २०६३।८।११ को घटनास्थल मुचुल्का, गैंडा मरेको लास जाँच मुचुल्का, मिति २०६३।११।४ को बन्दुक र गोली बरामद भएको बरामदी मुचुल्का एवम् सहअभियुक्तहरूको परस्पर पोलसमेतबाट समर्थित भएको देखिन आयो । उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादी हरिबहादुर विश्वकर्माले अभियोग दावीबमोजिमका दुबै गैंडा मारी गैंडाको खाग बिक्री गरेको पुष्टि हुन आएको देखिँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) बमोजिमको कसुरमा सोही ऐनको दफा २६(१) बमोजिम पन्ध्रवर्ष कैद र रू. एक लाख जरिवाना हुने ठहराएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब देखिने ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम सजाय निर्धारण गर्दा समान अवस्थाका प्रतिवादीहरूलाई समानरूपमा र असमान अवस्थाका प्रतिवादीहरूलाई असमानरूपमा दण्डको निर्धारण गर्नुपर्ने कुरामा विवाद हुन सक्तैन । प्रस्तुत मुद्दाको सन्दर्भमा माथि विवेचना गरिएअनुसार प्रतिवादी कर्मा गुरूङ भन्ने राजेश घले, दिनेश कुमार बस्नेत, टासी गुरूङ र माधवबहादुर बुढाथोकी समान अवस्थाका कसुरदार भएको मिसिल संलग्न कागजातबाट देखिएको अवस्थामा निजहरूलाई समानरूपमा दण्ड निर्धारण गरिनुपर्नेमा फरकफरक सजाय गरिएको देखिन आयो । नेकाप २०६१, अङ्क ६, पृ.७७५ मा प्रकाशित शान्ति वि.क. विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा ‘‘समान स्थितिका अपराधीलाई समान अपराधको लागि बेग्लाबेग्लै किसिमले फरकफरक सजाय तोक्नु संवैधानिक हुँदैन’’ भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादन भएको उक्त नजिरसमेतको आधारमा समान अवस्थाका कसुरदारहरूलाई असमानरूपमा सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

पुनरावेदक प्रतिवादीहरू कर्म गुरूङ भन्ने राजेश घले, दिनेशकुमार बस्नेत, टासी गुरूङ र माधवबहादुर बुढाथोकी समान अवस्थाका कसुरदार भएको अवस्थामा उल्लिखित प्रतिवादीहरूलाई समानरूपमा सजाय हुनुपर्नेमा फरकफरक सजाय गरेको हदसम्मको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।७ को फैसला सजायको हकमासम्म मिलेको नदेखिँदा प्रतिवादी कर्म गुरूङ भन्ने राजेश घले, दिनेशकुमार बस्नेत र टासी गुरूङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम जनही आठ वर्ष कैद र रू. पचास हजार जरिवाना हुने ठहर्छ । प्रतिवादी माधवबहादुर बुढाथोकीको हकमा आठ वर्ष कैद र रू. पचास हजार जरिवाना

हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा सदर हुने।

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेका जेष्ठ नागरिकलाई निजको र कसुरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिने छ भन्ने व्यवस्था भई देहाय (ग) मा पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशत कैद सजायमा छुट दिन सकिने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दा राष्ट्रिय निकुञ्ज क्षेत्रमा विश्वमा नै दुर्लभ र लोपोन्मुख एकसिङ्गे गैंडा मारी खाग बिक्री व्यवसाय गरेको विषयसँग सम्बन्धित रहेको र यी प्रतिवादीले गैंडा मार्ने कार्यमा मुख्य कसुरदारलाई बन्दुक र गोली उपलब्ध गराई गैंडाको खाग बिक्रीबाट आर्थिक लाभ लिएको एवम् निजको घरबाट गैंडाको खागसमेत बरामद भएको कसुरको गाम्भीर्यतासमेतको स्थितिलाई विचार गर्दा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को खण्ड (ग) बमोजिम कसुर गर्दाका अवस्थामा पचहत्तर वर्ष पूरा भएका यी प्रतिवादी रमेशचन्द्र पोखरेललाई पुनरावेदन अदालतले ठहऱ्याएको कैदको सजायमा छुट दिन न्यायोचित हुने देखिँदा निजलाई दश वर्ष कैद र रू. एक लाख जरिवाना हुने । माथि विवेचना गरिएको आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादी हरिबहादुर विश्वकर्माले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ को दफा ५(क) र १९(१) को कसुर गरी गैंडा मारी खाग बिक्री गरेको पुष्टि भएकाले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम पन्ध्र वर्ष कैद र रू. एकलाख जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी हरिबहादुर विश्वकर्माको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादीहरू कर्म गुरूङ भन्ने राजेश घले, दिनेशकुमार बस्नेत र टासी गुरूङले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ को दफा १९(१) को कसुर गरी गैंडाको खाग खरिद बिक्री गर्ने गरेको पुष्टि भएकाले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।७ को फैसला सो हदसम्म मिलेको भए पनि सजायको हकमा निज प्रतिवादीहरूलाई जनही आठ वर्ष कैद र रू. पचास हजार जरिवाना हुने ठहर्छ । अभियोग दावीबाट सफाइ पाउनुपर्ने यी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादी माधवबहादुर बुढाथोकीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२६ को दफा २७ बमोजिम कसुर गरेको पुष्टि भएकाले निजलाई उक्त दफा २७ र दफा २६(१) बमोजिम आठ वर्ष कैद र रू. पचास हजार जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।७ को फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादीमध्येका दिलबहादुर गुरूङ, सोफल लोप्चन, सुरेन्द्र सिन्दन, टोपलाल कुमाल, भीमनारायण श्रेष्ठ, वीरबहादुर कुमाल र सूर्यबहादुर कुमाल मिति २०६१।१२।१४ र २०६३।८।११ को मुचुल्कामा उल्लेख भएको मृत अवस्थामा फेला परेको गैंडा मार्ने कार्यमा सरिक भएको नदेखिँदा निजहरूलाई सफाइ दिएको पुनरावेदन अदालतको मिति २०६८।१२।७ को फैसला मिलेको देखिँदा

सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१२११, बन्दीप्रत्यक्षीकरण, *तेन्जिङ गुरूङ वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनसमेत*

गैंडा मारी खाग बिक्री गरेको मुद्दामा कसुरदार ठहरिएका प्रतिवादी कालु मनाङ्गे भन्ने व्यक्ति यिनै पुनरावेदक तेन्जिङ गुरूङ भएको भन्ने कुरा वस्तुनिष्ट आधार र प्रमाणबाट पुष्टि गर्न नसकेको र मिसिल संलग्न कागजातबाट यी पुनरावेदकको नाम तेन्जिङ गुरूङ भन्ने देखिन आएकाले सो मुद्दामा कसुरदार ठहरिएका प्रतिवादी कालु मनाङ्गेलाई भएको कैद र जरिवाना यी पुनरावेदकबाट असुलउपर गराउन न्याय र कानूनको रोहमा मिल्ने नदेखिने ।

प्रतिवादी कालु मनाङ्गे भन्ने व्यक्ति र यी पुनरावेदक तेन्जिङ गुरूङ भन्ने फरकफरक व्यक्ति भएको अवस्थामा उक्त मुद्दामा कसुरदार ठहरेको प्रतिवादी कालु मनाङ्गेलाई ठहरेको कैद र जरिवानासमेत यी पुनरावेदक तेन्जिङ गुरूङबाट असुलउपर गर्न नमिल्ने भएकाले यी पुनरावेदक तेन्जिङ गुरूङलाई कैदमा राखिएको कार्य कानूनविपरीत भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई कैदबाट मुक्त गरी दिनुपर्नेमा निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।१८ को आदेश मिलेको नदेखिँदा उल्टी भई निज पुनरावेदक तेन्जिङ गुरूङको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निजलाई कैदबाट मुक्त गरिदिने ठहर्छ । पुनरावेदक तेन्जिङ गुरूङलाई अन्य कुनै मुद्दामा वा अन्य कुनै कारणले थुनामा राख्नु नपर्ने भए उक्त मुद्दाबाट आजै थुनाबाट मुक्त गरिदिनु भनी कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंमा लेखी पठाउनु भनी आजै छुट्टै आदेश भएकाले प्रस्तुत मुद्दामा थप केही गरिरहनुनपर्ने ।

इजलासः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०६३१, उत्प्रेषण, *टैलेन्द्र आचार्य वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरसमेत*

सम्बन्धित सेवा, समूहले माग गरेको पदमा सम्बन्धित विषयमा स्नातकोत्तर प्राप्त गरेको हुनुपर्ने भनी तोकिएको विषयमा योग्यता प्राप्त व्यक्तिले प्रतिस्पर्धा गर्न पाउने गरी सुविधा प्रदान गरेको अवस्थामा तोकिएको शैक्षिक योग्यता नभएको कारणबाट दरखास्त फाराम रद्द गरिएको कार्यलाई समानहरूबीच असमान व्यवहार गरिएको भन्न मिलेन । माग भएको पदलाई आवश्यक शैक्षिक योग्यता नै प्राप्त नगरेका त्यस्ता व्यक्तिले योग्यताप्राप्त सरह समानरूपले प्रतिस्पर्धा गर्न पाउनुपर्ने भनी दावी गर्नु कानूनसम्मतको कार्य होइन । यसरी अधिकृत तह प्रथम श्रेणीको पदमा उम्मेदवार हुन विज्ञापन हुँदाको अवस्थामा उक्त विज्ञापनमा उल्लिखित सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि नभएका व्यक्तिले निज विरूद्ध भेदभावयुक्त र असमान

व्यवहार गरिएको भन्न नमिल्ने ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०४९ बमोजिम उक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा रिक्त रहेको अधिकृतस्तर प्रथम श्रेणीको पदमा खुला प्रतियोगिताद्वारा पदपूर्तिको लागि मिति २०६७।६।१५ मा विज्ञापन माग गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०४९ मा भएको दोस्रो संशोधन, २०६६ को अनुसूची २ मा तोकिएको विषयमा शैक्षिक योग्यता नभएको कारण एवम् जुन कानूनअन्तर्गतको आधारमा कारवाही सुरू भएको हो सो कारवाही अन्त्य नहुँदै पछिको कानूनले निवेदकलाई मद्दत गर्न नसक्ने हुँदा तत्काल बहाल रहेको कानूनको आधारमा निज निवेदकको शैक्षिक योग्यता नभएको कारणबाट दरखास्त फाराम अस्वीकृत हुने भनी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मिति २०७०।१०।२३ मा निर्णय गरी मिति २०७०।१०।२७ मा प्रकाशित गरिएको सूचनामा कुनै कानूनी त्रुटि रहेको भन्ने तथा निवेदकलाई संविधानद्वारा प्रदत्त हकमा प्रतिकूल असर पुर्‍याएको भन्ने देखिन नआएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । निवेदक टैलेन्द्र आचार्यलाई मिति २०७०।१२।७ देखि सञ्चालन हुने अधिकृत तह प्रथम श्रेणीको लिखित परीक्षामा यो तत्कालीन अन्तरिम आदेशले निरन्तरता नपाएमा स्वतः कायम नरहने सर्त गराई सम्मिलित गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम तत्कालीन अन्तरिम आदेश जारी हुने भनी यस अदालतको एकल इजलासबाट मिति २०७०।११।२९ मा आदेश भएकोमा रिट निवेदन खारेज हुने ठहरेकाले उक्त मिति २०७०।११।२९ को अल्पकालीन अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ ४ गते रोज ४ शुभम् ।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०१९०, अपुताली हक कायम नामसारी, *उमादेवी कार्की वि. कुमारी कार्की*

अंशबन्डाको लिखतअनुसार अलग भएका अंशी पुन: सगोलमा रहने इच्छा भए अंश जोरिएको लिखत पारित गर्नैपर्ने यो कानूनी सर्त हो । आचरण र व्यवहारले लिखतको स्थान ग्रहण गर्न सक्तैन । अंशबन्डा पारित गरी अंश लिई छुट्टि भिन्न भएका अंशियारले पुन: सगोलमा बस्ने मनसाय र प्रयोजन भए सोहीबमोजिम लिखत पारित गराई सगोलमा अंश मिसाई बस्नुपर्ने हुन्छ । कानूनबमोजिमको लिखत गरी आफ्नो अंश भाग लिई छुट्टिएका पति पत्नीले आचरण र व्यवहारबाट पुन: अंश मिसाई बसेको भन्ने जिकिरले कानूनी मान्यता पाउन नसक्ने ।

प्रतिवादी उमादेवी कार्कीले मिति २०२०।५।६ मा पति पदमबहादुरबाट आफ्नो अंश भाग लिई बन्डापत्र पारित गरी छुट्टि भिन्न भएपछि पुन: अंश मिसाई सगोलमा बसेको भन्न लिखतको अभावमा केवल आचरण र व्यवहारबाट सँग बसेको मान्न कानूनसङ्गत् नहुने हुनाले पति पदमबहादुर

कार्कीको अपुताली सम्पत्तिमा निजका दुबै पत्नी वादी कुमारी कार्की र प्रतिवादी उमादेवी कार्कीले बराबर अपुताली हक पाउने ठहर गरेको मोरङ जिल्ला अदालतको मिति २०६०।१०।२५ को फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।२।३१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पति पदमबहादुर कार्कीको अपुताली परेको सम्पत्तिमा आफ्नो एकलौटी हक कायम हुनुपर्ने भन्ने प्रतिवादी उमादेवी कार्कीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस १ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०९१९, परमादेश, *रामबहादुर स्याङ्तानसमेत वि. मालपोत कार्यालय, मकवानपुरसमेत*

निवेदकहरूले हुलाकबाट पठाएको निवेदन सम्बन्धित कार्यालयमा दर्ता गराई निवेदन मागबमोजिमको कारवाही अगाडि बढाउनेलगायतका प्रक्रिया सुरू गर्नपट्टि नलागी सिधै अदालतमा रिट निवेदन लिई आएकै मात्र भरमा निश्चित आधार कारणबेगर नै निवेदकको निवेदनअनुसारको जग्गा दर्ता गर्नु भनी विपक्षी मालपोत कार्यालयका उपर परमादेश जारी गर्न मिल्ने कुरा पनि भएन । यस्तो अवस्थामा पुनरावेदन अदालत, हेटौडाबाट जारी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

हुलाकबाट जग्गा दर्ताको लागि दिएको भनेको निवेदन दर्ता गरिदिनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदकको माग दावीसम्म खारेज हुने र ऐन कानूनको परिधिभित्र रही निवेदकलाई मागबमोजिम कागजातको नक्कल दिनु भनी विपक्षी कार्यालयहरूका नाउँमा परमादेशको आदेशसम्म जारी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।८।२७।४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । रिट निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१साल जेठ १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१५४, निषेधाज्ञा/परमादेश, *युगल किसोर यादव वि. जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत*

निषेधाज्ञाको आदेश कुनै कार्य हुन लागेको र कार्य सम्पन्न भई नसकेको अवस्थामा जारी हुन सक्ने हो । सम्भावित कार्य नै सम्पन्न भई सकेको अवस्थामा निषेधाज्ञा जारी हुनसक्ने नै हुँदैन । अर्कोतर्फ कानूनविपरीत गरिएको शिक्षक नियुक्तिको विषयमा शिक्षा नियमावली, २०५९ को दफा ९७ को उपदफा (६) अनुसार प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गर्नुपर्नेछ भन्ने व्यवस्था रहेबाट सो साधारण अधिकारक्षेत्रअन्तर्गतको वैकल्पिक उपचारको मार्गबाट त्यस्तो अनियमित कार्यलाई सच्याउन सकिने अवस्था रहेकैमा असाधारण

अधिकारक्षेत्रको प्रयोग गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने अवस्था पनि नहुने ।

निवेदन माग दावीबमोजिम निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको भन्ने आधारमा निवेदन खारेज हुने ठहर्छ भनी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१२।१४ को निर्णय आदेश मिलेकै देखिँदा सदर हुने । रिट निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरःकल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१५६, उत्प्रेषण/परमादेश, *धनुषधारी यादवसमेत वि. कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत*

गैरकानूनी तवरले शिक्षक छनौट गरिएको भए कानूनी प्रक्रिया पूरा गरी जिल्ला शिक्षा अधिकारीसमक्ष त्यस्तो नियुक्ति बदर गरी माग्न जाने सम्बन्धमा रिट निवेदकहरूलाई कानूनले वैकल्पिक उपचारको मार्ग दिएकै देखिन्छ । कानूनमा प्रदान भइरहेको वैकल्पिक उपचारको मार्गलाई पन्छाई रिट निवेदकहरू सीधै अदालत प्रवेश गरेको अवस्था पनि देखिन आयो । कानूनले स्पष्टरूपमा वैकल्पिक उपचारको मार्ग प्रशस्त गर्दागर्दै सो मार्ग अवलम्बन नै नगरी सीधै असाधारण अधिकारक्षेत्रअन्तर्गतको उपचार माग गर्न आएको अवस्थामा मागबमोजिमको उपचार दिन मिल्ने अवस्था पनि रहँदैन । विपक्षीहरूले अनुचित कार्य गरी शिक्षक नियुक्ति गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अनुचित कार्य तथा भ्रष्टाचारउपरको उजुरी निवेदनमा सनाखत गराई कारवाहीको प्रक्रिया सुरू भएको छ भनी जिल्ला प्रशासन कार्यालय, महोत्तरीले लिखित जवाफमा जिकिर लिएकाले निवेदकहरूको उजुरी निवेदनमा कारवाही नै नभएको भन्न नमिलेबाट त्यस्तोमा मागबमोजिम परमादेश जारी गर्नुको औचित्यसमेत हुँदैन । यस्तो अवस्थामा पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

निवेदन माग दावीबमोजिम उत्प्रेषणमिश्रित परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१२।१४ को आदेश मिलेकै देखिँदा सदर हुने । रिट निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०३६४, निषेधाज्ञा, *रोहितकुमार चौधरी वि. कृपानन्द चौधरीसमेत*

रिट निवेदकले दर्ता गराएको भनेको दुर्गादत्त चौधरी मेमोरियल क्लबले नै उक्त पोखरीको किनारमा अवस्थित दुर्गा मन्दिरमा पूजाआजा र मेलासमेत गर्ने गरी अधिकार प्राप्त गरेको कुनै आधिकारिक स्रोतबाट पुष्टि भएको अवस्था नदेखिएको ।

रिट निवेदकद्वारा आफू अध्यक्ष रहेको क्लबलाई पोखरीको संरक्षणलगायत दुर्गा मन्दिरमा पूजासमेत गर्ने गरी अधिकारप्राप्त भएको कुनै निर्विवाद किसिमको प्रमाणसमेत छ भनी रिट निवेदनमा जिकिर लिन र सो भए निवेदनसाथ पेस गर्नुपर्नेमा सोसमेत गर्न नसकेको देखिएबाट रिट निवेदकको जिकिरबमोजिम प्रत्यर्थी रिट निवेदकलाई दावीको जग्गामा रहेको मन्दिरको संरक्षण गरी पूजाआजा गर्ने हक स्थापित भएको मान्न नमिलेबाट पुनरावेदन अदालत, जनकपुरको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

विवादित पोखरीको डिलमा रहेको मन्दिरको संरक्षण सम्बर्द्धन गर्ने तथा पूजाआजा गर्ने हक आफूमा स्थापित भएको भन्ने कुरा नै देखाउन नसकी दिएको निवेदनको भरमा निवेदन मागबमोजिम निषेधाज्ञा जारी गर्न नमिल्ने भनी रिट निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१२।२७ को निर्णय आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०९८२, उत्प्रेषण/परमादेश, *डम्बरबहादुर देवानसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

विपक्षी संस्थाको विधान नेपालको संसदद्वारा निर्मित ऐन वा त्यस्ता ऐनले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी बनेको नहुँदा उल्लिखित दुबै परिभाषाको परिधिभित्र परेको देखिँदैन । विपक्षीहरूले विधानविपरीत कार्य गरेको भनी रिट निवेदकहरूले उल्लेख गरेको विधान गैरसरकारी संस्थाले आफ्नो कामकारवाहीलाई नियमित गर्न बनाएको सम्मको देखिँदा उक्त विधानलाई नेपाल कानूनको संज्ञा दिन मिल्दैन । यस्तो अवस्थामा त्यस्तो विधानप्रदत्त हक अधिकारमा आघात परेको भनी कुनै पनि अदालतमा रिट निवेदन दर्ता नै हुन नसक्ने भएबाट रिट निवेदकहरूद्वारा दायर गरिएको रिट निवेदन प्रथम दृष्टिमै खारेजयोग्य रहेको देखिने ।

गैरसरकारीस्तरमा गठित संस्थाले आफ्नो अधिकार प्रयोग गरी बनाएको विधान वा सो विधानअन्तर्गत बनेको नियमावलीलाई कानूनको संज्ञा दिन नमिल्ने ।

रिट निवेदनमा निवेदकहरूको मूल दावी भनेकै विपक्षी किराँत याक्खा छुम्मा नामक संस्थाको विधानप्रतिकूल महाधिवेशनबाट निर्माण केन्द्रीय कार्य समितिलाई मान्यता दिने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले गरेको निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने देखिएको र उल्लिखित नजिरसमेतबाट रिट निवेदकहरूले दावी लिएको संस्थाको विधान नेपाल कानून नदेखिएबाट रिट निवेदकहरूको संवैधानिक वा कानूनी हक आघातित भएको मान्न नमिलेबाट रिट निवेदन खारेज गर्नेगरी पुनरावेदन अदालत, पाटनबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-१२७४, कर्तव्य ज्यान, *डोमा भन्ने जङमु शेर्पा वि. नेपाल सरकार*

मिसिल संलग्न शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युमा Blunt force injury to head भनी उल्लेखसमेत भएको देखिएको छ । अदालतसमक्षको बयानमा समेत यी पुनरावेदक प्रतिवादीले उक्त वारदातका दिन आफूले मोतिलाल तामाङको टाउकोमा काठको आग्लोले प्रहार गरेको र हान्दा टाउकोमा लागेको हो । नमारी छाड्दिन भनी भनेको होइन पहिले देखिको रिसको कारण योजना बनाई हानेको होइन । निज मोतिलालले आफूलाई हिर्काएपछि रिस उठी उसलाई हान्दा मृत्यु भएको भनी बयान गरेको र सो कुरालाई प्रमाणसमेतले पुष्टि गरेको देखिएको छ । यसरी यी पुनरावेदक प्रतिवादीले प्रहार गरेको आग्लोले मृतकको टाउकोमा लागी सोही चोटका कारण निजको मृत्युसमेत भएको देखिँदा सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नम्बरको कसुर भएकाले निजलाई सुरू काठमाडौं जिल्ला अदालतबाट ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई गरेको काठमाडौं जिल्ला अदालतको फैसला र सोही फैसलालाई सदर ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।२९ को फैसलासमेत मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदक प्रतिवादीले मोतिलाल आफ्नो पति भएको र विगत डेढ वर्षदेखि लोग्नेस्वास्नीको रूपमा सँगै बसेकोमा मिति २०६४।९।२९ गते राति निज र आफ्नोबीचमा रेडियो चर्को बजाएको विषयमा झगडा भई पहिले निज मोतिलालले आफूलाई हानेको र सोही रिसमा नजिकै रहेको चारपाटे दाउराले निज मोतिलाललाई प्रहार गर्दा टाउकोमा लाग्न गएको हो । निजलाई मार्नेसम्मको पूर्वयोजना एवम् रिसइबिसमेत नभएको र आफूले हानेको प्रहारबाट नै मोतिलाल लामाको मृत्यु हुन गएको भनी आफूले कसुर गरेकोमा पूर्ण साबित भई अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष बयान गरेको देखिन्छ । राति २ बजेको समयमा दुबैजना सँगै उठी पिसाब फेर्न गएको, फर्केर आई मोतिलालले बत्ती ननिभाई रेडियो चर्को स्वरमा बजाएकोमा निजलाई सो नगर्न भनी आफूले भन्दा निजले नै पहिले एक थप्पड हानेको र लातले छातिमा समेत हानेकोमा सोही रिस थाम्न नसकी निजलाई नजिकै रहेको चारपाटे दाउराले प्रहार गरेको र सोही कारणबाट निजको मृत्यु भएको भनी निजले कसुरमा पूर्णत: साबित रही बयान गरेकी छन् । मोतिलाल लामा आफ्नो पतिसमेत भएको र विगत $1^1/_2$ वर्षदेखि लोग्ने स्वास्नीको रूपमा रही सँगै बस्दै आएको भनी निजले बयानमा आफ्नो सम्बन्धका बारेमा उल्लेख गरेको देखिन्छ । यसभन्दा पूर्व केही रिसइबि नरहेको भनी बयानमा खुलाई दिएकी एवम् जाहेरीमा समेत यी प्रतिवादीको मोतिलाल लामालाई मार्ने पूर्वयोजना र मनसायसमेत भएको भनी स्पष्टरूपमा पुष्टि हुन आएको छैन । यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादी डोमा भन्ने जङमु शेर्पालाई भएको सजायको हकमा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय

कार्यान्वयन गर्दा चर्को पर्नजाने र लोग्नेकै कारणबाट समेत पीडित यी महिलाको स्थितिलाई विचार गरी त्यसो गर्नु न्यायोचितसमेत हुने नदेखिँदा निजका हकमा अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्षको कैद सजाय हुने गरी व्यक्त भएको राय मनासिब नै देखिने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०७७८, निषेधाज्ञा/परमादेश, *जगरनाथ लाल कर्णसमेत वि. राजश्री सेभिङ एन्ड कोअपरेटिभ लिमिटेड, प्रधान कार्यालय मलङ्गवा, सर्लाहीसमेत*

कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिभित्र ऋण बुझाउन बाध्य हुन्छ । ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्न धिङ्न्याई गरेर बस्ने कसैलाई पनि कानूनले सहयोग गर्न सक्तैन । निर्धारित समयभित्र आफूले लिएको ऋण रकम चुक्ता नगर्नेको धितो रहेको सम्पत्ति लिलाम गरी आफ्नो ऋण असुल गर्न ऋणदातालाई कानूनले अधिकार प्रदान गरेकै हुन्छ। ऋण रकम नबुझाउनेको सम्पत्ति लिलाम गरेर आफ्नो ऋण असुल गर्ने कुरालाई गैरकानूनी भन्न नमिल्ने।

कतिपय अवस्थामा ऋणीलाई ऋण तिर्न सहज, सरल र सुविधा हुनेगरी ऋण प्रदान गर्ने संस्थाहरूले विभिन्न सहुलियत पनि प्रदान गरेको हुनसक्छ तर त्यस्तो सहुलियत कानूनी अधिकारको रूपमा नभई सुविधाको रूपमा मात्रै उपभोग गर्नुपर्ने हुन्छ। त्यस्ता सुविधा उपभोग गर्ने वा नगर्ने कुरामा भने ऋणी स्वतन्त्र हुन्छ र यदि त्यस्तो सुविधा प्रदान गर्दागर्दै पनि सोको निर्धारित समयभित्र पनि ऋण रकम चुक्ता गरिँदैन भने ऋणीको धितो पक्रने अधिकार ऋणदातालाई हुने।

विपक्षी राजश्री सेभिङ्स एन्ड को-अपरेटिभ, सोसाइटी लि. प्रधान कार्यालय, मलङ्गवा, सर्लाहीको सञ्चालक समितिको मिति २०६६।३।३१ मा साँवाको दोब्बर लिई बाँकी रकम छुट दिने गरी निर्णय भएकाले सो अनुसार रकम जम्मा गरेकोमा पनि विपक्षीले आफूले धितो राखेको सम्पत्ति लिलाम गर्न लागेको भनी रिट निवेदकले जिकिर लिएको भए पनि विपक्षी राजश्री सेभिङ एन्ड कोअपरेटिभ सोसाइटीले पेस गरेको लिखित जवाफमा त्यस्तो सुविधा २०६६ साउन मसान्तसम्म रकम चुक्ता गर्नेको लागि मात्र दिइएको हो र रिट निवेदकले सो निर्धारित समयभित्र रकम नबुझाई २०६७।२।४ र २०६७।२।५ मा रकम तिरेको भनी दावी लिएको भए पनि सो रकम ऋणबापतको नभई धरौटीको रूपमा जम्मा गरेको र सो धरौटीलाई साँवा, ब्याज र हर्जानालगायतका खर्चमा कटाई बाँकी रकममा मात्र कारवाही गरिएको हुँदा रिट निवेदन दावीबमोजिमको आदेश जारी हुने अवस्था छैन भन्ने उल्लेख भएको देखिँदा रिट निवेदकबाट खण्डनस्वरूप कुनै कागज प्रमाण दाखिल हुन नसकेको देखिएबाट र ऋण लिँदा आफूले गरेको सर्तअनुसारको दायित्व निर्वाह गर्नबाट रिट निवेदक पन्छिनसमेत नमिल्ने हुँदा माग दावीबमोजिमको आदेश जारी गर्न नमिली रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको आदेशलाई

अन्यथा भन्न नमिल्ने हुँदा निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०००८, परमादेश, *रामजानकीप्रसाद तेली वि. जिल्ला शिक्षा कार्यालय, मलङ्गवा, सर्लाहीसमेत*

विद्यालयलाई चन्दा दिएको भनेको जग्गाको मिति २०४५।९।१२ मा पारित राजीनामाबाट रिट निवेदकका पिताले १,१०,०००।– बापत घर खर्च भन्ने व्यहोरा पारी जग्गा राजीनामा पारित गरेको कुरालाई निशुल्क चन्दाको रूपमा जग्गा विद्यालयलाई प्रदान गरेको भन्न मिल्दैन । विद्यालयलाई हक हस्तान्तरण गरेको राजीनामाको लिखतमा रकम लिएर विद्यालयलाई जग्गा दिएको भन्ने व्यहोरा उल्लेख भएको पाइँदा निवेदन दावीको जग्गा निजका पिताले निशुल्करूपमा विद्यालयलाई चन्दा दिएको नभई बिक्री गरेको नै मान्नुपर्ने हुन्छ । यदि कसैले निशुल्करूपमा चन्दा दिएकै भए पनि निजको सन्तान दरसन्तानले पनि पिता पुर्खा चन्दादाता भएकै आधारबाट चन्दादाताको हैसियत राखी राख्छन् भन्न पनि मिल्दैन, प्रस्तुत मुद्दामा रिट निवेदक विपक्षी विद्यालयको संस्थापक एवम् चन्दादाता रहे भएको नदेखिएको अवस्थामा शिक्षा ऐन, २०२८ को दफा १२ १(ङ) र (ङ१) को अवस्था नै विद्यमान रहेको नदेखिएबाट रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, जनकपुरको आदेशलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०६२३, निषेधाज्ञा, *रामवृक्ष यादवसमेत वि. सुरेश साह सुडी*

रिट निवेदनदावीको जग्गा खाली गराउने सम्बन्धमा गा.वि.स. कार्यालयले इलाका प्रहरी कार्यालयमा पत्राचार गरेको तथ्यले निवेदन दावीको जग्गा कसैको हक भोगमा नरहेको तथ्यलाई पुष्टि गरेको देखिन्छ । त्यस्तो जग्गा विपक्षीहरूको निजी हुन्थ्यो भने गा.वि.स. कार्यालयले खाली गराउन पत्राचार गर्न नपर्नेमा त्यसो गरिएबाट विवादित जग्गा विपक्षीहरूको निजी जग्गा रहेछ भन्न नमिल्ने ।

रिट निवेदकहरूले दावी लिएको चार किल्लाभित्रको विवादित जग्गामा साविकमा पानी खाने इनार रहेको भन्ने तथ्यलाई विपक्षीहरूले लिखित जवाफमा स्वीकार गरी सो इनारलाई निजी भन्ने जिकिर लिएको भए पनि सो कुराको प्रमाण दाखिल गर्न सकेको अवस्था देखिँदैन । यस प्रकारबाट विवादित जग्गामा विपक्षीहरूको हक भोग रहेको भन्ने कुरामा नै विवाद देखिएबाट पुनरावेदन अदालत, जनकपुरले गरेको आदेशलाई अन्यथा मान्न नमिल्ने हुँदा निवेदनमा उल्लिखित इनार रहेको जग्गा सार्वजनिक प्रकृतिको देखिँदा निवेदनमा उल्लिखित चार किल्लाभित्रको उक्त ऐलानी जग्गामा कुनै पनि नयाँ निर्माण कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन

अदालत, जनकपुरबाट मिति २०७०।१।१७ मा जारी भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०२८२, निषेधाज्ञा, *रामकुमार यादवसमेत वि. देव किसुन यादव*

रिट निवेदन दावीको जग्गा लेनदेन मुद्दाको विगोबापतमा लिलाम सकार गरेर लिएको भन्नेमा विवाद देखिँदैन । सो सम्बन्धमा अर्को मुद्दा पनि चली कारवाहीयुक्त अवस्था छ भन्दैमा सक्षम अदालतबाट वादी प्रतिवादीको प्रमाण बुझी भएको अन्तिम फैसलाबमोजिम लेनदेनको विगोबापतमा भएको लिलामसमेतबाट रिट निवेदकको नाममा दा.खा. नामसारी भई जग्गा धनी प्रमाण पुर्जासमेत पाई भोग चलनमा रहेको जग्गामा प्रत्यर्थी रिट निवेदकको निर्विवाद हक रहेनछ भन्न मिलेन । त्यस्तो जग्गाको सम्बन्धमा पुनरावेदन अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको भनेको मुद्दाबाट अन्यथा हुने गरी फैसला नभएसम्म निवेदन दावीको जग्गामा निवेदकले भोग चलन गर्न नपाउने भन्न नमिल्ने ।

विपक्षीहरूले पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गरी कारवाहीयुक्त अवस्था रहेको भनेको रोक्का जग्गा फुकुवा नभई गरेको बन्डा मुचुल्का बदर मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा अहिलेबाटै लेनदेनको बिगोबापतमा कानूनबमोजिम भएको लिलामबाट आफ्नो नाउँमा हक हुन आएका जग्गाको भोग चलन गर्नबाट प्रत्यर्थी रिट निवेदकलाई वञ्चित गर्न नमिल्ने हुँदा पुनरावेदन अदालत, राजविराजबाट पुनरावेदक विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदन अदालत, राजविराजमा विचाराधीन दे.पु.नं. ४९६ नं. को मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल निवेदनमा उल्लिखित जग्गा निवेदकको नाउँमा दर्ता रहेको देखिँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।७।२७ को आदेश मिलेकै देखिँदा सदर हुने । पुनरावेदक विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-१०९५, उत्प्रेषण/परमादेश, *सोमनाथ गिरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकलाई बालसुबोधिनी संस्कृत मा.वि. फुङ्लिङमा मिति २०३०/१२/५ मा अस्थायी नियुक्ति दिएको र मिति २०३६।६।३ मा जिल्ला कार्यालय शिक्षा शाखाबाट स्थायी नियुक्ति दिएको विषयमा विवाद देखिएन । तर नियुक्तिको छाँयाप्रति हेर्दा उक्त नियुक्तिको बोधार्थ निजामती किताबखानामा दिएको भन्ने नियुक्तिपत्रको व्यहोरामा पाइँदैन ।

तथापि मिति २०५९/९/११ को पत्रद्वारा राजीनामा स्वीकृत गर्दा निजामती किताबखानालाई जानकारी गराएको देखिन्छ । तत्पश्चात मिति २०६२।३।८ को जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङको पत्रद्वारा निवृत्तभरणसमेतको लागि सिफारिस गरी पठाएको समेत देखिन्छ । यसैगरी उक्त कार्यालयले मिति २०६३।७।२ मा निवेदक स्थायी पियन पदमा पूर्व कार्यरत रहेको र निजले तीन वर्षसम्म असाधारण बिदासमेत लिएकोमा बाहेक सेवा अवधि अविच्छिन्न रहेको भनी निवृत्तभरण उपलब्ध गराउने कारवाही अघि बढाइदिनका लागि शिक्षा, खेलकुद मन्त्रालयमा पत्राचार गरेको पाइने।

नियुक्ति पाउने व्यक्तिले पाएको गैरकानूनी भन्ने नदेखिएको अवस्थामा पद दर्ता गर्नेलगायतका प्रशासनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने कार्यालय वा अधिकारीको त्रुटिमात्रले निवेदकले कानूनबमोजिम गरेको सेवाबापत प्राप्त गर्ने सुविधाहरूमा अन्यथा असर पर्न दिन नमिल्ने र एकजना निम्नस्तरको कर्मचारीको हक सुविधाप्रति सम्बन्धित कर्मचारीहरू र कार्यालयहरू सकारात्मक नभएकाले प्रक्रिया पुर्‍याई सहयोग गर्नुपर्नेमा जिम्मेवारीबाट उम्कन खोजेको समेत देखिएको छ। कानूनबमोजिम सेवा गरेपछि त्यसको प्रतिफल पाउने कानूनी हकमा त्यस्तो अकर्मण्यता र अयोग्यता देखिने व्यवहारहरूले परास्त गर्न नसक्ने।

अतः निवेदकको सम्बन्धमा कोकसको लापरवाही र गल्तीले पद दर्तालगायतको कार्य गर्न गराउन नसकेको हो सो को जाँचबुझ गरी आवश्यक कारवाही गर्ने र निवेदकले गरेको सेवाबापत प्राप्त गर्ने निवृत्तभरण, कर्मचारी सञ्चयकोष, सञ्चित बिदाको सुविधाहरू दिन दिलाउन नेपाल सरकार मन्त्रिपरिषद्ले जो चाहिने निर्णय गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा परमादेशको आदेश जारी हुने हुँदा आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनु र यस अदालतअन्तर्गत रहेको फैसला कार्यान्यवयन निर्देशनालयलाई समेत यस आदेशको प्रतिलिपि उपलब्ध गराई नेपाल सरकारबाट गरिने यससम्बन्धी कारवाहीको जानकारी माग गरी आदेशको प्रभावकारी कार्यान्वयनका लागि लेखी पठाउने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०९२७, उत्प्रेषण/परमादेश, *सहयोग महर्जनसमेत वि. कीर्तिपुर नगरपालिका कार्यालय, काठमाडौंसमेत*

निवेदकको पति/पिता भक्तबहादुर महर्जनकी दुई श्रीमतीहरूमध्ये जेठी ज्ञानीमाया र कान्छी यी निवेदक रहेकी, निवेदकका सौता ज्ञानीमाया र पति भक्तबहादुरको क्रमश: मिति २०४८।०१।०६ र २०६७।०७।१० मा परलोक भएकोमा मुख मिलेकै देखिन्छ । पति भक्तबहादुर महर्जनको मृत्यु भएपछि निवेदकले विपक्षीकोमा नाता प्रमाणित प्रमाणपत्र पाउँ भनी निवेदन

दिएका निवेदक यसपछि सो प्रमाणपत्र पाउँ भन्दै मिति २०६७।११।१५ मा राष्ट्रिय सतर्कता केन्द्र, काठमाडौं गएकोमा सो केन्द्रबाट कानूनी प्रक्रिया पुर्‍याई नाता प्रमाणित प्रमाणपत्र दिनु भनी निर्णय भएको रहेछ । उक्त केन्द्रको निर्णय कार्यान्वयनका लागि पुनरावेदन अदालत, पाटनमा परमादेशको रिट निवेदन लिई गएको र पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।२३ को आदेशानुसार मात्र निवेदकले नाता प्रमाणित प्रमाणपत्र प्राप्त गरेका र यसै विषयमा सोही पुनरावेदन अदालतमा अदालतको अवहेलनामा परेको मुद्दा विचाराधीन अवस्थामा रहेको मिसिलबाट देखिने ।

प्रस्तुत रिट निवेदनको विषयसम्बन्धमा काठमाडौं जिल्ला अदालतसमक्ष यिनै निवेदक वादी र कीर्तिपुर नगरपालिकासमेत प्रतिवादी रहेका (२०६८ सालको मुद्दा नं. ०५५८६) निर्णय बदर मुद्दा तथा (२०६८ सालको मुद्दा नं. ०३७८५) जालसाजी मुद्दासमेत परी विचाराधीन रहेको तथ्य विद्वान् कानून व्यवसायीहरूले बहसका क्रममा उठाएको पाइँदा काठमाडौं जिल्ला अदालतसमक्ष विचाराधीन रहेका उक्त मुद्दाबाट नै कीर्तिपुर नगरपालिकाको मिति २०६८।०९।११ को नातासम्बन्धी निर्णय र सोसम्बन्धी सङ्कलित प्रमाणहरूसमेतका सम्बन्धमा साधारण क्षेत्राधिकारबाट नै निर्णय भई कानूनबमोजिम हुने नै हुँदा असाधारण अधिकारक्षेत्र ग्रहण गरी यस अदालतमा प्रवेश गरेको मिल्ने देखिएन । साधारण क्षेत्राधिकारबाट कानूनी उपचारको विद्यमानता रहिरहेको अवस्थामा प्रस्तुत रिट निवेदनका सम्बन्धमा थप विचार गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अशोकुमार क्षेत्री

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-११३०, उत्प्रेषण, *खुशीराम थारू वि. बुझावन थारूसमेत*

चोदुवा थारूलाई मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझ्ने प्रक्रियामा नगई सोझै प्रतिवादीसँग DNA परीक्षणका लागि गरेको बर्दिया जिल्ला अदालतको मिति २०६७।९।२१ को उक्त आदेश बेरीतको देखिँदा बदर हुने ।

चोदुवा थारूको वतन प्रतिवादीबाट खुलाई निज चोदुवा थारूलाई र कानूनबमोजिम जो जे बुझ्नुपर्ने बुझी कारवाही किनारा गर्नु भनी पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।१२।३ गतेको आदेश भएको परिप्रेक्ष्यमा सो आदेशानुसार अदालतले जे जो बुझ्नुपर्ने बुझी कारवाही गर्नुमा DNA Test आवश्यक भयो भने सोसमेत गर्न नसक्ने भन्ने अवस्था छैन । यसको अतिरिक्त जुन अंश मुद्दा कारवाहीयुक्त अवस्थामा हुँदा सो आदेश गर्नुपर्ने हो सो मुद्दा नै निवेदक एवम् विपक्षमध्येको बुझावन थारूको बीचमा मिति २०६८।२।२५ मा नै मिलापत्र भईसकेको भनी लिखित जवाफको व्यहोराबाट देखिएकाले सो मुद्दाको रोहमा मागबमोजिमको आदेश गर्न निरर्थकसमेत हुने देखिँदा चोदुवा थारूलाई नबुझीकन जिल्ला अदालतबाट भएको आदेशलाई बदर गर्ने गरी भएको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्ने अवस्था

नदेखिँदा र जुन मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको थियो त्यसमा मिलापत्रसमेत भईसकेको देखिएकाले मागबमोजिमको आदेश गर्न निरर्थकसमेत हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ २९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०९१०, भ्रष्टाचार, *मोहनकुमार नेपाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत मनिषकुमार सिंहको प्रतिवेदनले नेपाल सरकार*

तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा "कुनै व्यक्तिले राष्ट्र सेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा निजलाई कसुरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुने" उल्लेख भएको र सो कसुरमा हुनसक्ने जरिवाना तोक्दा सोही ऐनको दफा २९(२) मा जरिवानाको माथिल्लो हद रू. ५०००।– (पाँचहजार) हुने कानूनी व्यवस्था रहेको छ । यी प्रतिवादीले शैक्षिक योग्यता ढाँटी नक्कली प्रमाणपत्र बनाई बढुवा प्रयोजनका लागि पेस गरेको तथ्य पुष्टि हुन आएको हुँदा पुनरावेदक प्रतिवादीले सोअनुसारको अपराध नगरेको भन्न मिलेन, त्यसकारण विशेष अदालत, काठमाडौंको फैसला कानूनसम्मत् नै देखिँदा प्रतिवादीले बढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र बनाई पेस गरेको भन्ने दावी समर्थित भएको देखिँदा प्रतिवादी मोहनकुमार नेपाल भन्ने मोहन नेपालले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको हुँदा सोही ऐनको दफा १२ र २९(२) अनुसार रू. ५००।– (पाँचसय) जरिवाना हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६९।९।५ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०३५९, रकम उठाई हिनामिना गरी ठगी गरेको, *नेपाल सरकार वि. ऋषिराम शर्मासमेत*

जग्गा नापजाँच गर्ने कार्य नेपाल सरकार, नापी विभागको हो । यी प्रतिवादीहरू जग्गा नापजाँच गर्ने आधिकारिक व्यक्ति पनि होइनन् । जग्गा नापजाँच गर्न खटिएको नापी टोली र सो नापीलाई माध्यम बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा परेको उजुरी छानबिन गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०५७।७।५ को पत्रानुसार नापी विभागबाट खटिएको टोलीले स्थलगत निरीक्षण गरी मिति २०५७।८।२६ मा दिएको प्रतिवेदनमा नापी हुँदाका अवस्थामा कुनै अनियमितता भएको नदेखिएको भनी प्रतिवेदन पेस गरेको देखिन्छ । प्रतिवादीहरूले सर्वसाधारण जनतालाई ललाई, फकाई झुक्याई, धोका दिई रकम उठाएको भन्ने देखिनेसम्मको तथ्ययुक्त सबुद प्रमाण मिसिल सामेल रहेको पाइएन । यसरी प्रतिवादीहरूले खोलेको बैङ्क खातामा कसैले

रकम जम्मा गरिदिएको र सो खाताको रकम प्रतिवादीरूले झिकेको भन्ने कुरालाई ठगी गरेको भन्न मिल्ने नदेखिँदा यस अदालतबाट प्रत्यर्थी झिकाउँदाका अवस्थामा भएको आदेशसँग सहमत हुन नसकिने।

वस्तुत: कसैउपर अभियोग लगाउनुमात्र पर्याप्त हुँदैन, सो प्रमाणित पनि हुनुपर्दछ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेकै हुन् भनी शङ्कारहित तथ्ययुक्त सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिन आएन। शङ्का र अनुमानको भरमा मात्र प्रतिवादीहरूलाई सजाय गरिनु प्रचलित फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत हुने हुन्छ । तसर्थ आरोपित कसुर यिनै प्रतिवादीहरूले गरेका हुन् भनी देखिनेसम्मको तथ्ययुक्त एवम् शङ्कारहित ठोस सबुद प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याउन नमिल्ने भएकाले आरोपित कसुरबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने नदेखिने।

प्रतिवादीहरूमध्ये घनश्याम शर्मालाई सजाय गर्ने ठहऱ्याएको हदसम्मको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६२।४।१६ को फैसला केही उल्टी गरी निज प्रतिवादीले समेत आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।३।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-११२९, उत्प्रेषण, *सुनिल साह वि. जिल्ला प्रशासन कार्यालय, कलैया बारासमेत*

निवेदकको नाउँमा सम्बन्धित मुद्दामा मिति २०६७।१०।२४ मा तामेल भएको म्याद यो यस प्रकारले बेरीतपूर्वक भएको भनी निवेदन जिकिर रहेको देखिँदैन । यसको साथसाथै सो म्याद हेर्दासमेत निजकै वतनमा तामेल भएको र बेरीतको देखिएको छैन । यसको अतिरिक्त सम्बन्धित संवत् २०६७।०६८ सालको दा.नं. २३ नं. को मुद्दा जिल्ला प्रशासन कार्यालय, बाराबाट भएको फैसलामा सो बेरीतको म्यादउपर सुरू मुद्दा हेर्ने अदालत एवम् पुनरावेदन अदालतसमेतमा निवेदकको निवेदन नपरी सम्बन्धित हातहतियार मुद्दाको फैसला अन्तिम भएर बसेको देखिन आउँछ । अतएव निवेदकको जिकिरअनुसार अन्यथा हुनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बलबहादुर तामाङ*

प्रतिवादी ससुरा भैरमानको घरमा सो समयमा रहे बसेको भए सो व्यहोरा निजको बयानमा उल्लेख

हुनुपर्दथ्यो । तर, ससुरा भईरमान तामाङले आफ्नो बयानमा ज्वाइँ बलबहादुर मेरो घरमा आउनु भएको थियो भनी उल्लेखसम्म गर्न नसकेको अवस्थामा प्रतिवादीको Alibi को जिकिर पुष्टि हुन सकेन । मौकामा सँगै रहेका प्रतिवादी कृष्णबहादुर तामाङले प्रतिवादी बलबहादुर तामाङ वारदातको मिति र समयमा मेरै घरको बीचको तलामा रहेको बारदलीमा मेरो छोरा धनबीर तामाङसँगै सुतेका थिए भनी बयान गरेका छन् । प्र. कृष्णबहादुर तामाङका छोरा प्र. धनबीर तामाङले पनि प्र. बलबहादुर तामाङ र म आफ्नै घरमा सँगै सुतेका थियौं भनी आफ्नो बयानमा लेखाइदिएका छन् । अत: उक्त कथनका अतिरिक्त जाहेरवाला गोकर्णबहादुर तामाङको किटानी जाहेरी र बकपत्रसमेतबाट निज प्रतिवादीले लिएको अन्यत्र आफू रहेको कथन खण्डित भएको देखिने ।

जाहेरवालाको बकपत्रबाट प्रतिवादी र मृतकका बीचमा जग्गासम्बन्धी पूर्व रिसइबि भएको कारणबाट नै प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेका हुन् भनी उल्लेख भएको अवस्थासमेतबाट यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको प्रमाणित हुँदा सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने ।

मृतक गुणमाया तामाङलाई प्रतिवादी बलबहादुर तामाङले कर्तव्य गरी मारेको प्रमाणित भएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरित कार्य गरेको हुँदा सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको दोलखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०७३१, उत्प्रेषण, *हिरादेवी श्रेष्ठ वि. रामबाबु साहसमेत*

नगरपालिकाक्षेत्रभित्र पर्ने घरको हकमा सम्बन्धित प्राविधिकको मूल्याङ्कन प्रतिवेदन नै आवश्यक रहेको कुरालाई कानूनले प्रष्ट्याएकोमा नगरपालिकाको पत्रलाई नै प्राविधिकको मूल्याङ्कन प्रतिवेदन भनी अर्थ गर्न नमिल्ने ।

पञ्चकृते मोल कायम गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५)(झ) अनुसार अदालत रहेको गाउँ विकास समिति वा नगरपालिकाको एकजना र नजिकको कुनै एक अड्डाको प्रतिनिधि साक्षी राखी पञ्चकृते मोल कायम गर्नुपर्नेछ भन्ने नियमले तोकेको अनिवार्य प्रक्रियालाई पूरा नगरी पञ्चकृते मोल कायम गरेको काम कारवाहीमा उल्लिखित कानूनी प्रावधानहरूको त्रुटिसमेत विद्यमान रहेको देखिँदा पर्सा जिल्ला अदालत, तहसिलबाट भएको मिति २०६७।५।१३ को पञ्चकृते मूल्याङ्कन नियमसम्मत नदेखिने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५)(झ) को प्रक्रियागत त्रुटि गरी पर्सा जिल्ला अदालत, तहसिल शाखाबाट भएको मिति २०६७।५।१३ को पञ्चकृते मूल्याङ्कनलाई सदर गरेको पर्सा जिल्ला अदालतको मिति २०६७।६।१० को आदेश सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।१ को आदेशसमेतका सम्पूर्ण आदेशहरू

र काम कारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब पुन: कानूनबमोजिमको प्रक्रिया पूरा गरी पञ्चकृते मोल कायम गर्नु भनी पर्सा जिल्ला अदालत, तहसिल शाखाको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०६०६, उत्प्रेषण, *श्यामनन्दन सिंह राजपुत वि. सिरहा जिल्ला अदालत, सिरहासमेत*

निवेदकको वास्तविक वतन देवीपुर गाविस वडा नं. १ रहेको पुष्टि हुन आयो । तसर्थ निवेदकको वास्तविक वतन जिल्ला सिरहा, देवीपुर गाविस वडा नं. १ रहेकोमा निवेदकउपर सिरहा जिल्ला अदालतमा दिएको २०६५ सालको दे.नं. ११०८ को मोही निष्काशन मुद्दामा निवेदकको गलत वतन सिरहा जिल्ला देवीपुर गा.वि.स. वडा नं. २ उल्लेख भएको र सोही वतनमा तामेल भएको इतलायनामा म्याद रीतपूर्वकको देखिन नआउने ।

गलत वतन देखाई मुद्दा दिएको गलत वडा नं.मा म्याद तामेल भएबाट निवेदकलाई मुद्दा परेको जानकारी नभई प्रतिवाद गर्ने मौकाबाट वञ्चित भई सो फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरित भएको देखिने ।

नेपालमा स्थायीरूपमा बसोबास गरिरहेको व्यक्तिलाई मधुवनी जिल्ला, खिलानाथ गा.वि.स. भारत, हाल सिरहा जिल्ला, देवीपुर गा.वि.स. वडा नं. २ डेरा गरी बस्ने भन्ने गलत वतन उल्लेख गरी फिराद दायर गरेको र सोहीअनुरूप इतलायनामा (म्याद) घरद्वारमा टाँस गरी सोलाई आधार लिई मोही निष्काशन गर्ने भनी गरेको सिरहा जिल्ला अदालतको मिति २०६६।७।२३ को फैसलामा र सो फैसलाको आधारमा निवेदकको मोही लगत कट्टा गर्ने गरी भएको निर्णय कानूनसम्मत् रहेको नदेखिने ।

गलत वतन देखाई फिरादपत्र दायर गरेको र सोही गलत वतनमा म्याद तामेल गरी निवेदकलाई प्रतिवाद गर्ने मौकाबाट वञ्चित गरी सिरहा जिल्ला अदालतबाट मिति २०६६।७।२३ मा भएको फैसला र सो फैसलाको आधारमा भूमिसुधार कार्यालय, सिरहाबाट निवेदकलाई उक्त कि.नं.५१ को जग्गाको मोहीबाट निष्कासन गर्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने र सिरहा जिल्ला अदालतमा दायर भएको उक्त संवत् २०६५ साल को दे.नं. ११०८ को मोही निष्कासन मुद्दामा निवेदकको वास्तविक वतनमा पुन: म्याद जारी एवम् तामेल गरी निवेदकलाई प्रतिवाद गर्ने मौका दिई पुन: फैसला गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: रमेश रिजाल, खेमकुमारी बस्नेत

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल मङ्सिर १२ रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२४२, प्रतिषेध, *निरमाया रेग्मी भण्डारीसमेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत*

निवेदन दावीबमोजिमको कार्य विपक्षीहरूबाट भएको र सो कार्यले निवेदकको हकमा आघात परेको भनी निवेदकहरूले ठोस

आधार दिन सकेको देखिन आएन । निवेदकहरूले पेसीको दिन आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत् इजलाससमक्ष उपस्थितसमेत नभई लिखित जवाफमा उल्लेख भए उक्त कथन अन्यथा हो भनी निवेदकहरूले खण्डन गर्न सकेको अवस्था देखिन आएन । अत: हाल निवेदन मागबमोजिमको आदेश जारी हुने आधार निवेदकहरूले दिन नसकेको र हाल निवेदनमा उल्लेख भएबमोजिमको अवस्थाको विद्यमानतासमेत रहेको नदेखिँदा प्रस्तुत निवेदनको प्रयोजन समाप्त भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक २० गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-WO-०१२४, परमादेश, *डा.रूद्र सुवालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वि.सं. २०५० सालमै गठन एवम् सञ्चालन हुने कानूनी व्यवस्था भएबमोजिम अन्य सेवा समूहहरू तत्काल गठन भई कार्यान्वयनमा आइसकेको अवस्थामा आर्थिक योजना तथा तथ्याङ्क सेवाअन्तर्गतको आर्थिक योजना समूह लामो समयसम्म गठन नहुनुलाई सामान्य मान्न नमिल्ने ।

जसको कार्यान्वयनबाट दुबै पक्षलाई सन्तुष्टिको उत्साह उत्पन्न हुन्छ । निवेदकहरू असाधारण अधिकारक्षेत्रको माध्यमबाट अदालत प्रवेश गर्नु, विपक्षीमध्येकै केन्द्रीय तथ्याङ्क विभागबाट निवेदन मागको समर्थन गर्दै लिखित जवाफ पेस गर्नुबाट पनि कानूनबमोजिम गठन हुनुपर्ने आर्थिक योजना तथा तथ्याङ्क सेवाभित्रको आर्थिक योजना समूहको गठन तथा सञ्चालनमा विपक्षी निकायहरूबीच उक्त कानूनी व्यवस्था कार्यान्वयनमा पारस्परिक समन्वय नभएको स्थिति देखिँदा हालसम्म उल्लिखित कानूनी व्यवस्था कार्यान्वयन नभई आर्थिक योजना तथा तथ्याङ्क सेवाअन्तर्गत आर्थिक योजना समूह गठन तथा सञ्चालन हुन नसकेको देखिन आयो । तसर्थ उल्लिखित कानूनी व्यवस्थाको तत्काल कार्यान्वयन गरी आर्थिक योजना तथा तथ्याङ्क सेवाअन्तर्गतको आर्थिक योजना समूहको गठन तथा सञ्चालन गरी सो समूहका कर्मचारीहरू कार्यरत रहने निकायमा सोहीबमोजिम दरबन्दी व्यवस्थापन गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल पुस १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WH-००२९, बन्दीप्रत्यक्षीकरण, *परविन नेपालको हकमा पिता मोते नेपाल वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत*

कानूनबमोजिम मुद्दा हेर्ने न्यायाधीशबाट मुद्दा हेरी फैसला भई सो फैसलाको कार्यान्वयन गर्दा

फैसलाबमोजिम बसेको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने हुँदैन । प्रस्तुत रिट निवेदनमा निवेदकले उल्लिखित चेक अनादर मुद्दाको फैसला र आदेश चित्त नबुझाई सो फैसला र आदेश बदर गरिपाउँ भनी रिट निवेदन ०७०-WO-००१३ दिई यसै सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । चेक अनादर मुद्दामा आफ्नो गलत वतनमा म्याद तामेल गरी आफूले उक्त मुद्दामा प्रतिवाद गर्न नपाएको भन्ने नै निवेदकको मुख्य जिकिर रहेको छ । म्याद गलत तवरले तामेल भयो भएन र निवेदकको वास्तविक वतन कुन हो आदि कुराहरूको विवेचना ०७०-WO-००१३ को रिट निवेदनबाट हेरिने कुरा हुनसक्छ । तर यस बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदकको थुना गैरकानूनी हो होइन भन्नेसम्म हेरिने हो । निवेदकले दायर गरेको ०७०-WO-००१३ को रिट निवेदन दायर गरेकै आधारमा चेक अनादर मुद्दाको फैसला कार्यान्वयन स्वत: रोकिने हुँदैन । फैसला भइसकेपछि थुनामा नबसी मुद्दा विषयमा पुर्पक्षको कारवाही गर्नपर्दा अ.बं. १९४ नं. आएको निवेदन पनि यो होइन । प्रस्तुत निवेदन बन्दीप्रत्यक्षीकरणको हो । यस निवेदनबाट निवेदकको थुना गैरकानूनी वा बेरीतको हो होइन भन्नेसम्म हेरिने हो । निवेदकको थुनामा परेको कारण हेर्दा चेक अनादर मुद्दामा भएको फैसला कार्यान्वयनको सिलसिलामा थुनामा परेको देखिन्छ । चेक अनादर मुद्दाको फैसला अन्यथा हुन सकेको छैन । यसरी मुद्दामा भएको फैसला कायम नै रहिरहेको अवस्थामा सोअनुरूप कार्यान्वयन हुने सिलसिलामा कानूनबमोजिम अदालतबाट आदेश भई राखिएको थुनालाई रीतपूर्वक कानूनबमोजिमकै थुना हो भनी मान्नुपर्ने देखिन आयो । तसर्थ निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक २१ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६५-CR-५४५, बहुविवाह, *नेपाल सरकार वि. राजु गुरूङ*

आफ्नो श्रीमती जीवित हुँदाहुँदै र कानूनबमोजिम लोग्नेसँग सम्बन्ध विच्छेद नहुँदै लोग्ने मानिसलाई कानूनले दोस्रो विवाह गर्ने छुट दिँदै जाने हो भने समाजमा महिलाको असुरक्षा बढ्दै जाने र लोग्ने मानिसले स्वास्नी मानिसलाई अत्याचार गर्ने र सामाजिक संरचनामा समेत नकारात्मक असर पर्न नजाओस् भनेर नै कानूनले उपरोक्त व्यवस्था गरेकोमा अन्यथा अर्थ गर्न नसकिने ।

मुलुकी ऐन, लोग्नेस्वास्नीको महलको १ नं. को देहाय १ ले स्वास्नीले लोग्नेलाई निजको मञ्जुरीबेगर लगातार ३ वर्ष वा सोभन्दा बढी समयसम्म छोडी अलग बस्ने गरेमा सम्बन्ध विच्छेद गर्ने हक लोग्नेलाई कानूनले प्रदान गरेको देखिएको र स्वयम् जाहेरवालीले नै ३ वर्षभन्दा बढी समयदेखि माइतीमा गई बसेको भन्ने तथ्यलाई स्वीकार गरेको तथ्य प्रस्तुत मुद्दाको मिसिलबाट देखिने ।

आफैंले ३ वर्षभन्दा बढी समयसम्म लोग्नेलाई छोडी बसेको र सम्बन्ध विच्छेद मुद्दा दर्ता भईसकेपछि बहुविवाहमा कारवाही गराउन चाहेको देखिँदा त्यस्तो व्यवहारबाट लोग्नेले अर्को विवाह गर्न पनि नपाउने र पतिलाई छोडी माइतमा गई बसेकी पत्नीले कारवाही गर्दै जाने हो भने दाम्पत्य जीवनको औचित्य नै समाप्त हुन जाने देखिने ।

घरमा जेठी श्रीमती छ भन्ने जान्दाजान्दै विवाह गर्नेलाई कानूनले छुट दिँदैन । वैवाहिक दाम्पत्य जीवनलाई जीवन्तता दिन पत्नीले पनि पतिलाई छोडी बस्ने छुट हुँदैन । ३ वर्षभन्दा लामो समयसम्म छोडेको भन्ने पनि सम्बन्ध विच्छेदको आधार हुनसक्छ तर विवाह गर्ने प्रयोजनमा यसले आधार सिर्जना गर्नसक्ने भन्न नमिल्ने ।

जेठी श्रीमतीले पतिसँग अलग बस्न अंश मुद्दाको फिराद दिइसकेपछि लोग्नेले दोस्रो श्रीमती ल्याएको भन्ने आधारमा जाहेरी दिनु सजाय गराउने प्रयोजन मात्र रहेको देखिन्छ । आफू अलग भई बस्ने मनसुबाले अंश मुद्दा दिएपश्चात बहुविवाहमा जाहेरी गरेको देखिँदा अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय गर्ने आधार खडा हुन नसक्ने ।

जाहेरवालीले माइतीमा बस्नुपर्ने कारण नै पतिले दोस्रो विवाह गरेको वा गर्ने प्रयत्न गरेको वा सौताको कारणबाट हो भन्ने देखाउन सकेकोसमेत पाइँदैन । पति पत्नीका बीचमा मनोमालिन्यताको कारण सौता हो भन्ने नभएपछि र अंश मुद्दा दिँदाको अवस्थामा त्यस कुरालाई उल्लेख नगरी अंश मुद्दा दिइसकेपछि जाहेरी गरेको हुँदा त्यस्तो जाहेरीबाट प्रतिवादीहरूलाई सजाय गर्दै जाने हो भने मानिसका लागि अत्यावश्यक दाम्पत्य जीवनको व्यवस्थालाई नै खतरा उत्पन्न हुनजाने ।

बहुविवाह मुद्दामा जहिले पनि नालिस गर्न पाउने भन्ने हुन सक्तैन । कानूनले हदम्याद तोक्नुको उद्देश्य समाजमा शान्ति र व्यवस्था कायम गर्नका लागि नै हो । यसले न्यायिक अनिश्चितता अन्त्य गर्दै आफ्नो हक अधिकार प्राप्त गर्नका लागि जागरूक बनाउने गर्दछ । बहुविवाह मुद्दामा पनि हदम्याद सम्बन्धमा व्यवस्था गर्नुको उद्देश्य जहिलेसुकै मुद्दा दायर गर्न सकिने भनी अर्थ गर्न सकिने भनी अर्थ गर्न नमिल्ने ।

पुनरावेदक कमलमोहन चापागाईं विरूद्ध नेपाल सरकार भएको नेकाप २०६८, अङ्क ११, नि.नं. ८७१६ को बहुविवाह मुद्दामा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहावारी ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजित गर्नु हो भन्ने सिद्धान्तसमेत स्थापित भएको देखिने ।

प्रतिवादी राजु गुरूङउपर जेठी श्रीमतीले सम्बन्ध विच्छेद र अंश मुद्दा दिइसकेपछि प्रस्तुत मुद्दाको जाहेरी दिएकी र सम्बन्ध विच्छेद हुने गरी मिलापत्रसमेत भइसकेको एवम् उल्लिखित यस अदालतबाट हदम्यादको सीमा सम्बन्धमा प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रतिवादीलाई सजाय गर्न न्यायोचित नहुने हुँदा सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।०४।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०८८८, जालसाजी, *भैरवकुमार पियासमेत वि. श्यामकुमार पिया*

वादीले प्रतिवादीउपर जालसाजीको मुद्दा दायर गर्नसक्ने अवस्था देखिएन। सुरू तथा पुनरावेदन अदालतसमेतबाट जालसाजीतर्फ वादी दावी पुग्न नसक्ने गरी फैसला भएको र सो फैसलाबाट यी पुनरावेदक प्रतिवादीहरूलाई कुनै असर परेकोसम्म नदेखिएको अवस्थामा प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम गर्नुपर्ने अवस्था नदेखिने हुँदा वादी दावी पुग्न नसक्ने गरी भएको सुरू अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।०५।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७१ साल असोज १८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-१२६७, मिलापत्र बदर गरी हक कायम गरिपाऊँ, *भैरवकुमार पियासमेत वि. श्यामकुमार पिया*

मुलुकी ऐन, स्त्री अंशधनको महलको १ र ५ नं. को कानूनी मान्यता हेर्नुपर्ने हुन्छ। सो महलको १ नं. मा "कन्या वा सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुस गर्न पाउँछन्" भनी उल्लेख भएको देखिन्छ। यस कानूनी व्यवस्थाअन्तर्गत आफ्नो आर्जनको सम्पत्तिभित्र कुनै स्त्रीले प्राप्त गरेको सम्पत्ति पर्न आउँदछ। अंशबन्डाबाट प्राप्त भएको, दाइजो, पेवा, दानबकस वा अपुतालीबाट किन नहोस् जुनसुकै तवरबाट प्राप्त भएको सम्पत्ति यसअन्तर्गत पर्दछ। अंशबन्डाबाट आफ्नो हकभोग तथा स्वामित्वमा रहेको सम्पत्ति जुनसुकै व्यहोराबाट पनि जो कोहीलाई दिन हक हस्तान्तरण गर्न पाइने कुरामा दुईमत हुन नसक्ने।

प्रस्तुत मुद्दामा स्व. रेवतीप्रसादका श्रीमती भुकुमारी र छोराहरू श्यामकुमार पिया भैरवकुमार पिया, उत्तमकुमार पिया र ध्रुवकुमार पियाको बीचमा अंश भई मिति २०५१।३।२ मा बन्डापत्र पारित गरिएको अवस्था देखिन आएको छ। बन्डापत्रबाट आफ्नो नाममा रहन गएको सम्पूर्ण सम्पत्ति वादी प्रतिवादीहरूकी आमा भुकुमारीले सो स्त्री अंशधनको महलको कानूनी व्यवस्थाबमोजिम आफूखुस गर्न र जुनसुकै तवरबाट जो कसैलाई पनि दिन पाउने सम्पत्ति रहेको देखिने।

विवादित सम्पत्ति आमाको शेषपछि मैलेसमेत पाउने हो भन्ने वादी श्यामकुमार पियाको दावी रहेको देखिन्छ। आमालाई पालनपोषण एवं स्याहार सुसार हामीले गरेकाले आमाले मिलापत्रबाट मसमेतलाई दिनुभएको हो भन्ने प्रतिवादी भैरवकुमार पियाको भनाई रहेको देखिन्छ। अंशबन्डापछि आमाको जिउ छउन्जेल मैले पालनपोषण एवम् स्याहारसुसार गरेको हो भन्नसमेत दावी श्यामकुमार पियाले फिरादपत्रमा कहीँकतै उल्लेख गर्न सकेको देखिँदैन। विवादित सम्पत्ति मलाई पालनपोषण एवम् स्याहारसुसार गरेको भनी मिति २०५२।७।१९ मा शेषपछिको बकसपत्र एवम् मिति २०५८।५।२४ को मिलापत्रको लिखतमा उल्लेख भएको देखिन आएको छ। जसलाई वादीले अन्यथा भन्न

सकेको नहुँदा आमा भुकुमारीको पालनपोषण एवम् स्याहारसुसार प्रतिवादीहरूले नै गरेको देखिन आएको छ। स्त्री अंशधनको महलको ५ नं. बमोजिम पनि भुकुमारीले विवादित सम्पत्ति आफूलाई पालनपोषण गर्ने छोरा बुहारीलाई दिन मिल्ने नै देखिन आउने।

प्रतिवादी भैरवकुमार पियाको श्रीमती निममाया पिया वादी र भुकुमारी पियासमेत प्रतिवादी भएको सो मितिको मिलापत्रको व्यहोरा हेर्दा हामीबीच "मिति २०५८।२।२७ मा मानो छुट्टिएको र हालसम्म अंशबन्डा नभएकाले बन्डा गर्न मञ्जुर छौं" भनी उल्लेख भएको देखिन आएको छ। मुद्दाका वादी प्रतिवादीबीच सगोलमा रहेको भनी सहमति हुन्छ भने अदालतले निजहरू सगोलमा नरही बेग्लै रहेको भन्न मिल्ने अवस्था रहेन। पक्षहरू स्वयम्ले आफूहरू सगोलमा रहेको भनी अदालतमा पेस गरेको लिखतबाट स्वीकार गरेको अवस्थामा अंशबन्डाको महलबमोजिम मानो जोडिएको लिखतको अभावमा सगोलमा रहेको भन्न मिल्दैन भन्ने प्रत्यर्थी वादीको भनाईसँग सहमत हुन सकिएन। यस्तो स्थितिको व्यवहारलाई अंशबन्डाको महलको कानूनी व्यवस्थाविपरीत भएको व्यवहार भनी भन्न मिल्ने पनि नदेखिने।

अंशबन्डाबाट प्राप्त हुन आएको स्त्री अंशधनअन्तर्गतको सम्पति आफूलाई पालनपोषण एवम् हेरचार गर्ने छोरा बुहारी एवम् नातिसमेतलाई बकसपत्र वा मिलापत्र जुनसुकै व्यहोराबाट पनि हक हस्तान्तरण गर्नसक्ने कानूनी अवस्था भएको र मिलापत्रबाट हक हस्तान्तरण भएको स्थितिलाई मान्यता दिनुपर्नेमा सोलाई बदर गर्ने गरी सुरू चितवन जिल्ला अदालतबाट मिति २०६३।११।१६ मा भएको फैसला सदर गर्ने गरी मिति २०६६।५।९ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेको देखिएन। सुरू जिल्ला अदालतबाट भएको सो फैसला सदर गर्ने गरिएको पुनरावेदन अदालतको फैसला उल्टी भई वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-१२६८, अपुताली हक कायम, *उत्तमकुमार पियासमेत वि. श्यामकुमार पिया*

मुलुकी ऐन, अपुतालीको महलको २ नं. मा "यस महलको अन्य नम्बरहरूको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउँदैन। मर्नेको छोरा नभई विधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे। त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरू पनि नभए त्यस्तो अपुताली ऐनबमोजिमको हकवालाले पाउँछन्।" भन्ने कानूनी व्यवस्था भएको देखिन्छ भने सोहीको ७ नं. ले "भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी वा छोराका छोरा वा अविवाहिता छोरीले हेरचाह नगरी एकै बाबुबाट जन्मिएका दाजुभाइ वा दिदीबहिनीले स्याहार

सम्भार गरी पालेका रहेछन् भने त्यसरी पालेका दाजुभाइ वा दिदीबहिनीको अपुताली पाल्ने दिदीबहिनी वा दाजुभाइले पाउँदछन् । अरू हकवालाले पाउँदैन।" भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । यदि भाइको अपुताली परेको सम्पत्तिमा आफ्नो पनि हक लाग्ने भए सो ७ नं. बमोजिम दावी लिनुपर्ने हुन्छ। सो ७ नं. बमोजिम वादी श्यामकुमार पियाले दावी गर्न सकेको नभई २ नं. बमोजिम दावी गरेको अवस्था देखिन आएको छ । उक्त ७ नं. बमोजिमको हकदार रहे भएको अवस्थामा २ नं. बमोजिमको हकदारको हक स्थापित हुनसक्ने अवस्था नदेखिने।

प्रस्तुत मुद्दामा संरक्षकको रूपमा रहेका दाजु उत्तमकुमारले अ.बं. ८३ नं. बमोजिम अदालतको अनुमतिबाट मुद्दा सकार गरिरहेको सर्जमिनबाट धुर्वकुमारको संरक्षक देखिएको धुर्वकुमारको मृत्युपश्चात निजको सम्पत्ति दा.खा. नामसारी गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएको अवस्थासमेत देखिन आएको छ । सो तथ्यलाई वादी श्यामकुमारले अन्यथा भन्न सकेको स्थिति नहुँदा धुर्वकुमारको संरक्षक निजका दाजु उत्तमकुमार नै रहे भएको देखियो। सो अवस्था देखिँदा अपुतालीको महलको ७ नं. बमोजिम धुर्वकुमारको सम्पत्तिको अपुताली प्रतिवादी उत्तमकुमार पियाकै रहने देखिन आएको छ । यस्तो अवस्थामा वादी दावी पुग्न नसक्ने गरी फैसला गर्नुपर्नेमा वादी दावीअनुसार वादी श्यामकुमार पियाको समेत अपुताली हक कायम गर्ने गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।५।९ को फैसला कानूनसम्मत नदेखिँदा सो फैसला उल्टी भई वादी दावी पुग्नसक्ने ठहर्ने।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०००८, परमादेश, *सन्तोषकुमार झा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

पुनरावेदकले आफूलाई कानूनले प्रदान गरेको अधिकारप्रति सजग नभई बेवास्ता गरी बसेको अवस्था देखिने।

निवेदकले रिट क्षेत्राधिकारमा प्रवेश गर्दाको अवस्थामा नै अत्यन्त ढिलो गरी प्रवेश गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ। यस्तो परिस्थितिमा निवेदकलाई अदालतले मद्दत गर्न नसक्ने।

आफ्नो हकप्रति चनाखो भई कानूनी उपचारको खोजीमा नलागेका रिट निवेदकलाई ढिलो गरी पर्न आएको रिट निवेदनबाट विलम्बको सिद्धान्तका आधारमा उपचार दिने अवस्था नहुने भनी चन्द्रकुमार भट्टराई विरूद्ध कृषि विभागसमेतको नेकाप २०४९, अङ्क ७, पृष्ठ ६५८, नि.नं. ४५८२ को रिट निवेदन तथा अनुचित विलम्ब गरी आउनेलाई अदालतले मद्दत गर्न नसक्ने भनी शान्ति श्रेष्ठ विरूद्ध भूमिसुधार कार्यालय, पर्सासमेतको नेकाप २०६४, अङ्क २, पृष्ठ १६३, नि.नं. ७८१३ को उत्प्रेषणको रिट निवेदनमा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारमा

निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०७९०, कुटपीट/लुटपीट, *रामलाल राजवंशीसमेत वि. मोहनलाल मालीसमेत*

कुटपीट, लुटपीट जस्ता फौजदारी प्रकृतिका वारदातहरूमा साक्षी गवाहको भनाइलाई नै मुख्य आधार मान्नुपर्ने हुन्छ । बकपत्रको क्रममा वादीतर्फको साक्षीले वादी र प्रतिवादीको छोराछोरीका बीचमा झगडा भएपछि छुट्याउने क्रममा वादी पवनराज वंशी आउँदा प्रतिवादीहरूले पवनलाई भाटाले हानेको र रामलाललाई वैशाखु मोहनलाल र सुनितासमेतले जिउ टाउको पिठ्युमा कुटे भनी वादीको दावीलाई पुष्टि गरी घटनाक्रमसहित बकपत्र गरिदिएको देखिन्छ, जबकि प्रतिवादीतर्फको साक्षीले निजहरूको जिकिरलाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिँदैन । वादी प्रतिवादीहरूको वतन हेर्दा पनि वादीहरूसँग एकै गाउँ ठाउँ बस्ने छिमेकी रहेको देखिन आउँछ । यस अवस्थामा छरछिमेकीबीच बेलाबेलामा एकआपसमा वादविवाद र झैझगडा हुनु अस्वाभाविक नभए तापनि वारदात भएको भनिएको मिति २०६६/२/१९ गते वादी प्रतिवादीका छोराछोरीहरू एकआपसमा झगडा गरेको कारणले वादीपक्ष छुट्याउन आउँदा प्रतिवादीहरूले लाठाले हानी बेहोस बनाएको र तत्पश्चात वादीको मोवाइल सेट, सुनका सिक्रीलगायतका सामान प्रतिवादीहरूले लुटी लगेको भन्ने दावी रहेको देखिन्छ । मिसिल संलग्न रहेको घा जाँच केश फारामबाट पनि वादीहरूउपर कुटपीटको घटना भएको हो भन्ने तथ्यलाई पुष्टि गर्दछ ।

जेठ महिनाको अपरान्ह ५ बजे, रात पर्न नपाउँदैको अवस्थामा अन्य व्यक्तिहरूको सामुन्ने आफ्नै छिमेकी वादीको शरीरबाट दिनदहाडै गरगहना, मोबाइल जस्ता सामानहरू खोसी लुटपीट गरी लगे भन्ने दावी पत्यारलायक देखिन नआउने हुँदा पुनरावेदन अदालत, इलामले सुरू झापा जिल्ला अदालतबाट प्रतिवादीहरूउपर कुटपीट तथा लुटपीटसमेत ठहर्‍याएको फैसलालाई केही उल्टी गरी कुटपीट मात्र कायम हुने ठहर्‍याई मिति २०६८/२/९ मा गरेको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०६६-CR-०५५८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. यादवप्रसाद घिमिरे*

एउटा वयस्क र स्वस्थ महिला अथवा

पुरूषलाई उही सरहको महिला अथवा पुरूष एक्लैले निजको इच्छा विरूद्ध जबर्जस्ती करणी गर्न सक्तैन । पीडितले रोई कराई सङ्घर्ष आदि गरेर प्रतिरोध गर्नुपर्छ पीडित तथा प्रतिवादीको शरीरमा प्रतिरोधको चिन्ह देखिनुपर्छ भनी पीडितको शरीर र उमेरमात्र हेर्ने दृष्टिकोणलाई मान्यता दिँदैन । पीडितको मानसिक अवस्था र परिवेश पनि हेर्नु आवश्यक हुने ।

प्रतिवादीले जाहेरवालीलाई जागिरको प्रलोभन देखाई त्यसको लागि तयारी गर्नुछ भनी एउटै कोठामा रात बिताउन बाध्य पारेको एवम् प्रतिवादीसँग विवाह गर्न नमान्दा विवाह गर्नका लागि बाध्य पार्ने हेतुले जबर्जस्ती करणी गरेको भन्ने जाहेरवालीको कथन सो घटनाको लगत्तैपछि निजबाट एसएमएस भएका तत्कालको प्रतिक्रियाहरूबाट समेत प्रमाणित भएको देखिने ।

अभियुक्तको कागज गराउने अधिकारीको सामर्थ्य र प्रभावको बारेमा उल्लेख भएको व्यहोराबाट प्रतिवादीले भयरहित, दबाबरहित, प्रलोभन, आश्वासन, झुक्यानरहित वातावरणमा व्यक्त गरेको कुनै कुरा बिनासर्त प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने देखिने ।

प्रतिवादीको स्वास्थ्य परीक्षण गर्दा प्रतिवादी भाग्न उम्कन नसकोस् र प्रतिवादीले चिकित्सकलाई आफ्नो पक्षमा प्रतिवेदन दिनको लागि प्रभावित गर्न नसकोस् भन्नका लागि सुरक्षा प्रयोजन हेतु जुनसुकै प्रतिवादी अस्पताल, अदालत जस्तो अन्यत्र ठाउँमा जानुपर्ने भएमा निजका साथमा २/४ जना प्रहरी रहने कुरा स्वाभाविक हुने ।

प्रतिवादीको इच्छाशक्ति नियन्त्रित भएको थियो भन्न मिल्दैन । जनसाधारणको सामान्यतया पहुँच नहुने प्रहरी कार्यालयमा हुने प्रतिवादीको बयान र अस्पताल जस्तो सबैको पहुँच हुने सार्वजनिक स्थलमा हुने काम कारवाहीलाई एउटै श्रेणीमा राख्न नमिल्ने ।

प्रतिवादीले आफूसँग यौन सम्बन्ध राख्ने नियोजित इच्छालाई मूर्तरूप दिनको लागि जागिरको प्रलोभन देखाई पोखरा लगेको, परीक्षामा तयारी गर्नको लागि कोठामा सँगै बस्नुपर्छ भनेर जाहेरवालीलाई झुक्याई कोठामा सँगै बसी तत्पश्चात जबर्जस्ती करणी गरेको भन्नेसमेतका जाहेरवालीका कथन स्वभाविक र सत्य रहेको भनी मान्नुपर्ने ।

पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन । सोच्दै नसोचेको घटना घट्दा सबैले एकै हिसाबले सुझबुझकासाथ यस्तै प्रतिक्रिया व्यक्त गर्नुपर्छ भन्न मिल्दैन । पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदातमा भएको त्यो हदसम्मको प्रतिक्रिया स्वाभाविक हुने ।

पीडितले स्वतन्त्रतापूर्वक नै विरोध नगरेकी कुनै जिकिर प्रतिवादीबाट आउन सकेको छैन । यस्तो अवस्थामा करणी भएको ठहर्नासाथ सो करणी स्वतः जबर्जस्ती करणी भएको देखिन्छ । त्यसमाथि सहमतिका माथि उल्लिखित साँघुरा दायरा र चिकित्सकको किटानी बकपत्रसमेतको प्रमाणले प्रतिवादी विरूद्धको अभियोगदावी ठोस र शङ्कारहित प्रमाणबाटै पुगेको मानिने ।

अभियोग दावीबाट प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालत, पोखराको मिति

२०६६।६।२९ गतेको फैसला उल्टी भई सुरू कास्की जिल्ला अदालतले प्रतिवादी यादवप्रसाद घिमिरे विरूद्धको अभियोग दावी पुग्ने ठहर्‍याएको फैसला सदर हुने ।

सजायको हकमा प्रतिवादीलाई कसुरको अनुपातमा कैद वर्ष ५ गर्नु उपयुक्त हुने देखिँदा कैद वर्ष ६ गरेको सुरू फैसलासम्म नमिलेकाले सो हदसम्मको सुरू फैसला केही उल्टी भई प्रतिवादी यादवप्रसाद घिमिरेलाई कैद वर्ष ५ हुन्छ । सो बाहेक प्रतिवादीबाट पीडित जाहेरवाली मायालाई ऐ १० नं. तथा १०ग नं. बमोजिम १ लाख ५० हजार क्षतिपूर्ति भराई दिएको समेतको सुरू कास्की जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७०-WO-०९४९, प्रतिषेध, *खड्गबहादुर बुढाथोकी (सुवास) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सरकारले ल्याउने बजेट तर्जुमाको सन्दर्भमा सभासदहरूले आआफ्नो दल वा व्यक्तिगत रूपमा कुनै विचार राखी कुनै सुझाव वा माग पेस गर्ने कुरा लोकतन्त्र सञ्चालनका लागि स्वाभाविक विषयहरू हुन् । त्यस्तो विषयमा कुनै समीक्षा, टिप्पणी र सूचना सम्प्रेषण गर्नु पनि राज्यको चौथो अङ्ग भएको हैसियतले पत्रपत्रिकामा स्थान दिनु पनि स्वाभाविक कुराहरू हुन्छन् । तर प्रस्तुत विषयमा निवेदकले भन्नु भए जस्तो नेपाल सरकारले कुनै औपचारिकरूपमा निर्णय लिई पत्रिकामा लेखिएजस्तो गरी प्रत्येक निर्वाचनक्षेत्रको लागि रू. पाँच करोडको दरले बजेट विनियोजन गर्ने भएको वा गरेको भन्ने कुनै आधार प्रस्तुत भएको पाइएन । नेपाल सरकारले निर्णय नै लिइनसकेको कुनै कुराबारे पत्रपत्रिकामा सम्प्रेषित कुनै टिप्पणी वा विषयवस्तुबाट कसैको कुनै हक वा दायित्व सिर्जना हुने अवस्था रहँदैन । कुनै निर्णय भए गरेको अवस्थामा त्यसको वैधतामा प्रश्न उठाउन स्वाभाविक हुने भए तापनि निर्णय नै नभएको कुरामा अग्रिमरूपमा कुनै सम्भावना वा शङ्का देखाई त्यसको आधारमा वैधताको प्रश्न बनाउन वा सो आधारमा कुनै निर्णय लिन वा नलिन निर्देशित गर्ने कुरा नआउने ।

सामान्यतया कानूनबमोजिम स्थापित सबै अङ्ग वा निकायले कानूनबमोजिम कार्य गर्ने आशा र अपेक्षा गरिन्छ । अमुक निर्णय भएको अवस्थामा गुण दोषको आधार तत्तत् विषयमा विचार गरिने र निर्णय हुन बाँकी वा निर्णय नै नभएको विषयमा अमुक प्रकृतिका निर्णय गर्न लागेको भनी सम्भावित आधार देखाई हस्तक्षेप गर्ने कार्य न त संवैधानिक हुन्छ, न त कानूनसङ्गत एवम् विवेकसङ्गत हुन्छ । कुनै पनि कुरामा अनावश्यक सनसनी फैलाउने हिसाबले अदालतले कार्य गर्न सक्तैन । गैरकानूनी निर्णय भएको खण्डमा सो देखाई विधिसम्मत् ढङ्गले यस अदालतको अधिकारक्षेत्र उपयोग गर्न सम्बन्धित सबै स्वतन्त्र रहने भई उपलब्ध हुनसक्ने उपचार इन्कार नगरिने कुरा बोधगम्य नै हुने ।

निवेदकको व्यहोराबमोजिम हरेक निर्वाचन क्षेत्रमा विनियोजन गरिने रकम बढाउने विषयमा सरकारका तर्फबाट कुनै निर्णय भइनसकेको तथा अस्तित्वमा नरहेको विषयलाई लिएर निवेदकले उल्लेख गरेजस्तो गैरकानूनी प्रकृतिका निर्णय हुन लागेको भन्ने भरपर्दो आधारसमेत विद्यमान देखिन नआएकाले मागबमोजिम प्रतिषेधको आदेश जारी गर्न मिल्ने देखिएन। सोतर्फ विचार गर्न विपक्षीहरूसँग कारण देखाउने आदेश जारी गरी झिकाउनेसम्मको अवस्थासमेत नहुँदा निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०८८६, उत्प्रेषण/परमादेश, *डा. रक्षा पाण्डे वि. डा. विवेक बास्कोटासमेत*

सुरूमा चलेको जालसाजी र लिखत बदर मुद्दाको रोहबाटै निवेदकले के कति अंश पाउने हो वा नपाउने भन्ने सन्दर्भमा सुरू काठमाडौं जिल्ला अदालतले कानूनबमोजिमको निकास दिने विषयमा एकपटक पक्ष विपक्षी भई यस अदालतबाट ०७०-WO-०३४५, को उत्प्रेषण रिट निवेदनमा भएको अन्तरिम आदेश अन्यथा नहुँदै त्यसै विषयमा अर्को निवेदनद्वारा सो आदेशलाई पन्छाएर प्रस्तुत निवेदनद्वारा उक्त मिति २०७०।१०।१४ को आदेशलाई अर्को अर्थ लाग्ने गरी बोल्न मिल्ने पनि देखिएन। उक्त मितिको संयुक्त इजलासबाट भएको आदेशको निकासतर्फ यी निवेदक प्रतिरक्षारत् हुनपर्नेमा सो भएको पनि देखिएन। सुरू अदालतमा मुद्दा पर्दापर्दै अंशको हक के कति कुनकुन सम्पत्तिबाट पाउने वा नपाउने भन्ने विषयमा रिटक्षेत्रबाट बोल्न मिल्ने विषय पनि हुन सक्तैन। के कुन र कति सम्पत्ति यी निवेदिकाले पाउने हो वा होइन भन्ने विषय त सुरू अदालतले निर्णय गर्दा एकिन हुने विषय भएकाले सुरू अदालतमा विचाराधीन विषयलाई प्रभावित गर्ने तरिकाबाट विश्लेषण गरी बोल्न नमिल्ने हुँदा एक पटक भएको अन्तरिम आदेशको प्रतिकूलमा पुन: अन्तरिम आदेश जारी गरी कारण देखाउ आदेश जारी गर्नपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असार १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०८८१, उत्प्रेषण/परमादेश, *राजेन्द्र श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

दावीको कि.नं. २५८ को जग्गा पशुपति सदावर्त गुठीको नाममा कायम भई कि.नं. २५९ को जग्गा नेपाल सरकारको नाममा बाँकी देखिएको अवस्थामा विवादित जग्गामा निवेदकको निर्विवाद हक प्राप्त छ भनी मान्न मिल्ने पनि देखिएन। जब जग्गाको हकमा निर्विवादिता रहँदैन त्यस्तोमा रिटक्षेत्र आकर्षित हुँदैन। हक बेहक, प्रमाणको मूल्याङ्कन र तथ्यको विश्लेषणबाट विवेचना गर्ने विषयसमेत रिट अधिकारक्षेत्रभित्र पर्ने नदेखिँदा विवादित जग्गामा जग्गा दर्ता स्रेस्तासमेतका प्रमाणबाट प्रष्ट हक स्थापित नहुँदासम्म निवेदकको नै जग्गा हो भन्ने मानी रिट जारी गर्न मिल्ने नदेखिएकाले विपक्षीहरूबाट

लिखित जवाफ मागिरहनुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०९५१, उत्प्रेषण/परमादेश, *विलट ठाकुर वि. शिवचरण ठाकुरको मु.स. गर्ने चानोदेवीसमेत*

अंश मुद्दा तहतह हुँदै अन्तिम फैसला भइसकेपछि वादीलाई अंश दिन अस्वीकार गरेका यी प्रतिवादीले ऋण रकम बाँडी दिएन भनी पुनरावेदन गरी पुनरावेदन तहबाट अन्तिम भइसकेपछि सोही विषयलाई समावेश गरी उत्प्रेषणको आदेशद्वारा तल्लो अदालतको फैसला कार्यान्वयनको प्रक्रियासमेत रोकिपाउन निवेदन गरेको कार्यलाई संविधान तथा कानूनले सहयोग गर्न नसक्ने भएकाले मुद्दाको अन्तिमताको विषयमा फैसला कार्यान्वयन रोक्न मिलेन । साहुले आफ्नो बिगो भराउने विषयमा ऋणीले ऋण बन्डा लगाउनपर्छ भनी अंशबन्डाको १८ नं. समेतको हवाला दिई दायर हुन आएको प्रस्तुत उत्प्रेषणको निवेदनमा लिखित जवाफ मागिरहन पर्ने अवस्था देखिएन । निवेदन माग दावी खारेज हुने ।

इजलास अधिकृत *:* उमानाथ गौतम

कम्प्युटर *:* रानु पौडेल

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२८५, उत्प्रेषण, *धाडेवा चिया उद्योगको प्रोपाइटर ऐ.ऐ. बस्ने चन्द्रशेखर धाडेवा वि. बिजनेश युनिभर्सल डेभलपमेन्ट बैङ्क लिमिटेडसमेत*

विवादित अचल सम्पत्तिको रोक्का फुकुवा गरेको पुनरावेदन अदालत, बुटवलको आदेशका विरूद्धमा राष्ट्रिय वाणिज्य बैङ्कले यस अदालतमा दिएको रिट निवेदनमा अन्तरिम आदेश जारी भई बैङ्क उक्त अचल सम्पत्ति रोक्का रहेकोले उक्त रिट निवेदनको अन्तिम टुङ्गो नलाग्दै विपक्षी विजनेश युनिभर्सल डेभलपमेन्ट बैङ्कले विवादित अचल सम्पत्ति लिलाम गर्ने भनी २०७१।४।२ मा सूचना प्रकाशित गरेको बदर गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विवादित अचल सम्पत्ति लिलाम बिक्री गर्नेसमेतको कुनै कार्य नगर्नु नगराउनु भनी यिनै निवेदकले यस अदालतमा रिट नं.०७१-WO-००१६ को रिट निवेदन दिई अन्तरिम आदेशको माग गरेकोमा विपक्षी बैङ्कसँग ऋण लिएको कुरामा विवाद नभएको र प्रस्तुत जग्गाहरू राष्ट्रिय वाणिज्य बैङ्कबाट रोक्कासमेत रहेको पाइँदा अन्तरिम आदेश जारी गर्न मिलेन भनी यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७१।४।१२।२ मा आदेश भएको पाइन्छ । हाल उक्त धितो सुरक्षण मिति २०७१।४।१७ मा लिलाम भईसकेको भन्ने कुरा अवगत हुन आएकाले उक्त लिलामसम्बन्धी कामकारवाहीहरू बदर गरी लिलाम सकार गर्ने विपक्षी भुवन शर्माले उक्त अचल बिक्री गर्नेलगायत दूषित कार्य गर्न प्रबल सम्भावना भएकाले अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर देखिन्छ । तर निवेदक ऋणी भएको कारणबाट प्रस्तुत धितो सुरक्षणका सम्बन्धमा अन्तरिम आदेश जारी हुन नसकेको यस अदालतको एक न्यायाधीशको इजलासको आदेश हालसम्म अन्यथा

हुन सकेको देखिँदैन । त्यसमा पनि विवादित जग्गा राष्ट्रिय वाणिज्य बैङ्क निवेदक भएको रिटबाट रोक्का हुन गएकाले यस राष्ट्रिय वाणिज्य बैङ्ककै सरोकार रहने हुँदा राष्ट्रिय वाणिज्य बैङ्कको रिट निवेदनमा भएको आदेशको आड लिएर यी निवेदकले प्रस्तुत रिट दिएको युक्तिसम्मत् देखिँदैन । त्यस अतिरिक्त ऋण लेनदेन हरहिसाब र त्यसबापतमा हुने लिलाम बिक्री आदि कुराहरू रिटबाट निरूपण हुने विषयवस्तुभित्र पनि पर्ने देखिँदैन । अत: राष्ट्रिय वाणिज्य बैङ्कले प्रस्तुत विषयमा आपत्ति गरेमा तत्सम्बन्धमा सोही समयमा निरूपण हुने नै देखिन्छ । निवेदकका हकमा भने साधारण कानूनले उपचार प्रदान गरेको समेतको अवस्था हुँदा प्रस्तुत निवेदनबाट यो विवादको छिनोफानो गरी रिट आदेश जारी हुनसक्ने अवस्था रहेन । विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल कात्तिक २७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३९३, उत्प्रेषण/परमादेश, *रविन्द्रकेशरी पौडेलसमेत वि. आनन्द बज्राचार्यसमेत*

बैना रकम दिलाइपाउँ भन्ने मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०७०।९।२२ मा भएको फैसलाउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरिसकेको र झगडिया झिकाउने आदेशसमेत भईसकेको छ भनी निवेदनमा नै उल्लेख भएको देखिँदा पुनरावेदन अदालतबाट इन्साफ हुने नै हुँदा यी निवेदकहरूको कानूनी तथा संवैधानिक हकमा आघात पुगेको मान्न मिल्नेसमेत नदेखिने । माथि उल्लिखित पुनरावेदन अदालत, पाटनमा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दाको विषय र वादीले उठाएको विवादको विषय एउटै रहेको भनी निवेदकले समेत स्वीकार गरेको देखिँदा एउटै मुद्दाबाट इन्साफ हुनसक्ने विषयमा अरू मुद्दा गरी अनावश्यक दुख हैरानी खेप्न नपरोस् भनी विधायिकाले उक्त कानूनी व्यवस्था गरेको हुँदा सो कानूनी व्यवस्थाको विपरीत दायर गर्न ल्याएको फिरादपत्र दरपीठ गरेको स्रेस्तेदारको आदेश र सोलाई सदर गरेको जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको आदेश कानूनसङ्गत् नै देखिन आउने ।

निवेदकहरूको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी कारवाहीयुक्त अवस्थामा रहेको र सोही मुद्दाबाट निवेदकहरूको जिकिर सम्बन्धमा समेत विवेचना भई निर्णय हुने नै हुँदा उल्लिखित विभिन्न मितिमा भएका आदेशमा कुनै संवैधानिक तथा कानूनी त्रुटि नदेखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने नभई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सूर्यप्रसाद रेग्मी

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम् ।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-०२१४, उत्प्रेषण/परमादेश, *कपिलमुनि*

*घिमिरेको मु.स.गर्ने हरिकुमार घिमिरे वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोकसमेत*

**मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको रायः-**

न्याय सम्पादनको काम कारवाहीमा सामान्य शङ्कासम्म पनि नआओस् भन्नेतर्फ न्यायकर्ता सचेत हुनु आवश्यक हुन्छ । छानविनसमेतको कार्यविधि पूरा गरी न्यायिक मन लिएर ऐनको उद्देश्यसमेतलाई मध्यनजर गरी निरूपण गर्नुपर्ने लगतकट्टाको विषयमा ती सब केही नगरी मोहीसमेत नबुझी हतारहतारमा निर्णय गर्दा न्यायिक स्वच्छता र पारदर्शिता कायम रहन सक्तैन । यो विषय भनेको निर्णय गर्नुपर्ने विषय हो । प्रशासनिक प्रकृतिको स्रेस्ता मात्र संशोधन गर्नुपर्ने विषय होइन । मोहीको सूचना दर्ता भए लगत्तै निर्णय गर्दा त स्थानीय गा.वि.स./नगरपालिकासमेत बुझ्नैपर्ने हुन्छ भने प्रस्तुत निर्णयमा त खेती वर्ष समाप्त भएको १५ वर्षपछि अनाधिकार निकायमा दिएको र कारवाही हुन नसकेको सूचनाको आधार लिइएको अवस्था देखिने । निवेदकलाई सुनवाइको मौका दिई निर्णय गर्नुपर्नेमा सो नगरी २०४६।३।९ मा लगत कट्टा गरेको अवस्थामा सोको जानकारी निवेदकहरूलाई भएको कुराको पुष्ट्याइँको अभावमा बाँडफाटका लागि २०५९ मा निवेदन दिँदा २०५९।४ को तारिखमा भू.सु.ले जानकारी गराएपछि रिटमा प्रवेश गरेको यसमा विलम्ब नभएको । लगत कट्टाको निर्णयमा पुनरावेदन लाग्ने भन्ने तर्कको हकमा स्थापित सर्वमान्य सिद्धान्तप्रतिकूल निर्णय गरी संरक्षित अधिकार कुण्ठित गरिन्छ असाधारण अधिकार लिनुपर्ने विवशता । त्यस अवस्थामा असाधारण अधिकारले मूकदर्शक भएर नहेर्ने । असाधारण परिस्थितमा क्रियाशील हुने यो यस्तो अस्त्र हो जसले कुण्ठित अधिकार प्रचलन गर्न प्राण सञ्चय गर्न सञ्जीवनी प्रदान गर्छ । अन्यथा भएमा यसको औचित्य नै समाप्त हुन्छ । निर्णयसमेतका कामकारवाही बदर र निर्णयका लागि परमादेश भनी विलम्बको सिद्धान्तको व्याख्या र प्रयोग गरेको देखिन्छ । अदालतले विपक्षी कार्यालयबाट भएको निर्णयमा घोर कानूनी त्रुटि छ छैन सो हेर्ने हो । यसमा निवेदकले लिखित सूचना गरेको कुरालाई अस्वीकार नगरेको र जग्गा आफूबाट जोतकोड भएको कुराको प्रमाणमा बाली बुझाएको भर्पाई वा बाली धरौटी राखेको रसिद आदि पेस नगरेको जस्ता कुराको रिटबाट निरूपण गरी त्यस आधारमा रिट निवेदनलाई अस्वीकार गर्नु रिट उपचारको सिद्धान्तअनुकूल हुँदैन । माथि उल्लेख भएबमोजिम अधिकारप्राप्त निकायमा लिखित सूचना नदिइएको, जग्गाधनी र नापी गोश्वारालाई दिएको लिखितसूचनामा ५ महिनाको फरक भएको, तत्काल कुनै कारवाही नभएकाले उल्लिखित कानूनी रीत नपुगेको सूचना थप अवैध भएको, गा.वि.स. र नगरपालिकालाई बुझ्ने काम नभएको, एक दिनमा नै अपारदर्शी किसिमले हतारमा निर्णय भएको, मोहीले जग्गा नजोती जग्गाधनीले आफैँ जोतेको कुरालाई नजिरहरूको रोहमा मान्न नसकिने भएको तथा तेस्रो पक्षको हक स्थापित भई निवेदकलाई प्रतिकूल असर परेको नदेखिएको र १५ वर्षपछि कारवाही हुँदा रिट निवेदकलाई सुनवाइको मौका प्रदान नभएको हुँदा विलम्ब नलाग्नेसमेतको कारणले गर्दा विपक्षी भूमिसुधार कार्यालयको

विवादित निर्णय कायम रहन नसक्ने । निवेदकलाई बुझ्दै, नबुझी विपक्षी कार्यालयबाट २०४८।५।५ मा निर्णय भएको र निवेदकका नाममा पुनरावेदनको म्यादशमेत जारी नभएको अवस्था एकातिर छ भने सुनवाइको मौका नदिएको यस्तो दूषित निर्णयमा रिटबाट उपचार दिन बाधा नपर्ने कुरा माथि उल्लिखित नजिरहरूबाट स्पष्ट भएकाले प्रस्तुत रिट निवेदन ग्रहणयोग्य देखियो । तसर्थ निवेदन दावीको साविक कि.नं. ३० हाल कित्ताकाट भई कायमी कि.नं. ६६९ को जग्गामा रहेको निवेदकको मोहीलगत कट्टा गरेको भूमिसुधार शाखा काभ्रेपलाञ्चोकको मिति २०४८।५।५ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.को छुट्टै रायः-**

रिट निवेदक कपिलमुनि घिमिरे आफ्नो साविकको काभ्रेपलाञ्चोक जिल्लाको थातथलो छाडी रौतहट जिल्लाअन्तर्गत सन्तपुर गा.वि.स. मा बसोवास गरी आएको कुरा पुष्टि हुन आएको र निजले सोही कारण जनाई आफूले मोहीको हैसियतले कमाई आएको दावीको जग्गा कमाउन नसक्ने भई जग्गाधनीलाई नै जिम्मा लगाई गएको देखिएकोमा ती कुनै कुरा रिट निवेदनमा उल्लेख गरेको नदेखिएकाले यी निवेदक सफाहात लिई उपचार माग्नको लागि अदालत प्रवेश गरेको भन्ने पनि देखिन आएन । निवेदक स्वयम्ले दिएको निवेदनसमेतका आधारमा २०४८ सालमा नै निजका नामको मोहीको लगत कट्टा भइसकेको पाइँदा लामो समय अर्थात् आफूले मोही छोडपत्रको दोहोरो भरपाई गरिदिएको ३५ वर्ष र मोही लगत कट्टा भएको १९ वर्ष पछि २०६७ सालमा मात्र निज रिट क्षेत्रबाट उक्त निर्णय बदर गरी पाउन माग गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ । यसै सन्दर्भमा "आफ्नो हकप्रति चनाखो भई कानूनी उपचारको खोजीमा नलागेका रिट निवेदकलाई ढीलो गरी पर्न आएको रिट निवेदनबाट विलम्बको सिद्धान्तका आधारमा उपचार दिने अवस्था नहुने" भनी चन्द्रकुमार भट्टराई वि. कृषि विभागसमेत भएको उत्प्रेषणको रिट निवेदन (*नेकाप* २०४९, अङ्क ७, पृष्ठ ६५८, नि.नं. ४५८२) मा व्याख्या भएको र "अनुचित विलम्ब गरी आउनेलाई अदालतले मद्दत गर्न नसक्ने" भनी शान्ति श्रेष्ठ वि. भूमिसुधार कार्यालय, पर्सासमेतको उत्प्रेषणको रिट निवेदन (नेकाप २०६४, अङ्क २, पृष्ठ १३६, नि.नं.७८१३) मा सिद्धान्त प्रतिपादन भएको पाइँदा विलम्बको सिद्धान्तले समेत यी रिट निवेदकलाई मद्दत गर्ने अवस्था देखिन नआउने । माथि प्रकरण प्रकरणमा विवेचित कानून तथा तथ्यगत बुँदा प्रमाणका आधारमा यी निवदेकले दावीको जग्गाको मोहीयानी हक स्वेच्छाले लिखितरूपमा परित्याग गरी मोही लगत कट्टा गरिपाउँ भनी नापीका समयमा मिति २०३२।१०।१६ मा २ नं. गोश्वारामा निवेदनसमेत दिएको र सोही कुरा उल्लेख गरी मोहीको लगत कट्टा गरिपाउँ भनी जग्गाधनी कृष्णबहादुर गिरीले तत्कालीन भूमिसुधार शाखामा निवेदन दिएको र भूमिसुधार शाखाले गा.वि.स.को सिफारिससमेतको आधारमा दावीका जग्गाको मोही लगत कट्टा गर्ने गरी गरेको निर्णयमा सारभूतरूपमा कानूनको त्रुटि रहेको नदेखिएको र विलम्बको सिद्धान्तसमेतले यी रिट निवेदकलाई मद्दत गर्न नसक्ने हुँदा निवेदन दावीबमोजिम रिट जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज

हुने । यस संयुक्त इजलासका माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायाले रिट जारी गर्ने गरी व्यक्त गर्नुभएको रायसँग असहमत भई यो छुट्टै राय व्यक्त गरेको छु । प्रस्तुत रिट निवेदनको संयुक्त इजलास लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)क बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्ने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६७-WO-०२१५, उत्प्रेषण/परमादेश, *कपिलमुनि घिमिरे वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोकसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा. न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-RE-००५१, हाडनातामा जबर्जस्ती करणी, *पदमबहादुर तामाङ वि. नेपाल सरकार*

पदमबहादुर तामाङ कसुरमा पूर्ण इन्कार रहेको भए पनि घटनाबाट पीडित बालिका स्वयम्ले आमाको रोहबरमा किटानी गरी दिएको जाहेरी दरखास्तमा व्यक्त भएको घटना विवरण एवम् पीडितको शारीरिक जाँचसमेतका तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी कसुरदार हो भनी विश्वास गर्ने मनासिब आधार विद्यमान रहेकाले निवेदक प्रतिवादी पदमबहादुर तामाङलाई पुर्पक्ष निमित्त मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राख्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।४।९ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RE-०२७३, ०७१-RE-००५२, ठगी, *शर्मा शाह कलवार वि. नेपाल सरकार, अशोककुमार साह वि. नेपाल सरकार*

निवेदक प्रतिवादीहरू शर्मा साह कलवार र अशोककुमार साहले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहे तापनि लालबाबु ठकुराई एवम् जहर ठाकुरसमेतको जाहेरीबाट यी निवेदक प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको देखिनुका साथै मौकामा पक्राउ पर्ने सहअभियुक्त दीपेन्द्र पालले अधिकारप्राप्त अधिकारीको समक्ष गरेको बयानमा एवम् अदालतमा समेत आई यी निवेदक प्रतिवादीहरू समेत रकम उठाउने कार्यमा संलग्न रहेको भनी पोल गरी गरेको बयानसमेतको तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीहरूको कसुरमा संलग्नता देखिएको हुँदा प्रतिवादीहरू शर्मा साह कलवार र अशोककुमार साहलाई हाल मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ अनुसार थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको त्यस अदालतको मिति २०७०।८।२७ को आदेशलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।११।१ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहन नपर्ने ।

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RE-००४९, ००५०, खोटा चलन र संगठित अपराध, *सोहेल खान वि. नेपाल सरकार*, *सुमेश्वरप्रसाद कुशवाहा वि. नेपाल सरकार*

प्रतिवादी अर्जुन लम्साल भन्ने दिनेश आले आरोपित कसुरमा साबित भई निवेदक प्रतिवादी सोहेल खानलाई पोल गरेको र प्रतिवादी मसुद आलम तथा प्रतिवादी युनुस अन्सारीले निवेदक प्रतिवादी सुमेश्वरप्रसाद कुशवाहालाई पोल गरी बयान गरेको समेतका तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादीहरू सुमेश्वरप्रसाद कुशवाहा र सोहेल खान कसुरदार होइनन् भनी भन्न मिल्ने नदेखिएकाले निजहरूलाई हाल मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ अनुसार थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको त्यस अदालतको मिति २०७०।१२।१७ को आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।४।४ को आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-१२५, बैङ्किङ कसुर, *अमृतकुमार टिवडेवाल वि. नेपाल सरकार*

प्रतिवादी अमृतकुमार टिवडेवाल अस्वस्थ रही उपचारका लागि विभिन्न अस्पतालमा पुर्‍याइएको र निजको स्वास्थ्यको उपचार भईरहेको भन्ने निवेदकले देखाएका कागजातहरूलाई अन्यथाको भन्न सकिने अवस्था देखिएन । मुलुकी ऐन, अ.बं. ११८ को देहाय ४ मा कुनै अभियुक्तलाई शारीरिक वा मानसिक रोग लागेको कारणबाट पुर्पक्षको लागि अदालतले धरौट वा जमानत माग्नसक्ने कानूनी व्यवस्था गरेको देखिँदा हाल यी प्रतिवादीसँग धरौट माग गरी यस मुद्दामा पुर्पक्ष गराउन सकिने अवस्था सिर्जना भएकाले निजबाट रू. १,५०,००,०००।– (एक करोड पचास लाख रूपैयाँ) नगद वा सो बराबरको जेथा जमानत माग गरी नगद वा जेथा जमानत दिए मुद्दामा प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तारिखमा राख्नु । नगद धरौट वा जेथा जमानत माग गर्नुपर्ने अवस्थामा यी निवेदक अमृतकुमार टिवडेवाललाई थुनामा राख्ने गरेको हदसम्म पुनरावेदन अदालत, पाटनको मिति २०७१।८।७ को आदेश बदर हुने ।

इति संवत् २०७१ साल माघ २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०११४, कर्तव्य ज्यान, *रविन्द्र राय यादव वि. नेपाल सरकार*

निवेदक प्रतिवादी रविन्द्रराय यादव आरोपित कसुरमा मौकामा र अदालतसमक्ष इन्कार रही बयान गरेको मौकामा जाहेरी दरखास्त दिने लक्ष्मण राय यादवले प्रतिवादी सुरेन्द्र राय यादव, भोला राय यादव र ललन यादवसमेतले सुखाडि भन्ने रामकिशोर राय यादवलाई कर्तव्य गरी मारेको भन्ने व्यहोरा उल्लेख गरी जाहेरी दरखास्त दिएकोमा निजहरूको कुनै संलग्नता नरहेको भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको देखिन आएकोमा मिति २०६३।५।७ मा राम आशिष राय यादवले दिएको जाहेरी दरखास्तको आधारमा मात्र अन्य प्रमाणको अभावमा यी प्रतिवादीको विरूद्ध मुलुकी

ऐन, ११८ को देहाय (२) को अवस्था विद्यमान देखिन नआएबाट मुद्दाको पुर्पक्षको लागि यी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) बमोजिम थुनामा राख्ने गरी रौतहट जिल्ला अदालतबाट मिति २०७१।३।३१ मा भएको आदेश र पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।६।२३ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। निवेदक प्रतिवादी रविन्द्र राय यादवलाई मुद्दाको पुर्पक्षको लागि पछि ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी मुद्दाको कारवाही किनारा हुने।

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०११५, ठगी, *जुनु श्रेष्ठ खड्का वि. नेपाल सरकार*

जाहेरवालाले आफैंले विधिवतरूपमा मालपोत कार्यालयमा गई दृष्टिबन्धकको लिखत पारित गरिदिएको र सोही दृष्टिबन्धकको रूपैयाँबाटै प्रतिवादीले समेत मुनाफा लिई विभिन्न व्यक्तिहरूबाट उठाएको रकम सबै जाहेरवालाहरूलाई फिर्ता दिनुपर्नेमा सो दायित्व यी निवेदिकाले लिनुपर्नेमा सो गरेको नदेखिई जम्मा भएको रकम लिए खाएको मासिएको कार्यमा प्रतिवादीलाई हुनसक्ने सजाय र आर्थिक दायित्वको विषय सम्मिलित भई पछि प्रमाण बुझ्दै जाँदा हुनसक्ने सजाय वा लिखतको दायित्वको सम्बन्धमा विवेचना हुने भएकाले हाल मुद्दामा पुर्पक्षका लागि थुनामा नै राख्दा जाहेरवालाहरूको रकम असुल हुनसक्नेसम्मको स्थिति नदेखिँदा मिति २०७१।६।३ को पुनरावेदन अदालत, पाटनबाट भएको आदेश बदर गरिदिएको छ। यी निवेदिका प्रतिवादीसँग रू. १,५०,००,०००।– (एक करोड पचास लाख नगद धरौट वा सोको कानूनबमोजिम जेथा जमानत दिए लिई यस मुद्दामा पुर्पक्षको लागि तारिखमा राख्ने। नदिए कानूनबमोजिम हुने।

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०११७, कर्तव्य ज्यान, *जीवन न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी जीवन न्यौपानेले आरोपित कसुरमा इन्कार रही अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गरेकोमा मृतक र निज प्रतिवादी जीवन न्यौपानेको उक्त वारदातको दिन सोअघि पनि पटकपटक मोबाइलमा सम्पर्क भएको भन्ने आधारमा मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) बमोजिम थुनामा राख्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको मिति २०७१।२।२३ र पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।५।२६ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। प्रतिवादी जीवन न्यौपानेले मृतकलाई फोन गरेको नभई मृतक स्वयम्ले यी प्रतिवादीलाई फोन गरेको देखिन आएको समेतका तत्काल प्राप्त प्रमाणको आधारमा निवेदक प्रतिवादीको विरूद्ध मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) को अवस्था विद्यमान नदेखिँदा मुद्दाको पुर्पक्षको लागि प्रतिवादी जीवन न्यौपानेलाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी किनारा गर्नुपर्ने।

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।